(मस्यौदा)

# राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति
# २०७८


नेपाल सरकार

## खानेपानी मन्त्रालय

सिंहदरवार, काठमाण्डौ

# विषय सूची


१. पृष्ठभूमि ... 4

१.१. ऐतिहासिक सन्दर्भ ... 4

१.२. वर्तमान अवस्थाको समीक्षा ... 5

१.३. समस्या, चुनौती र अवसर ... 6

१.४. नीति निर्माणको आवश्यकता पहिचान ... 6

१.५. परिभाषा ... 7

२. नीति मार्गदर्शन ... 8

२.१. नीतिको मार्गदर्शक सिद्धान्त तथा आधारहरु ... 9

२.२. दूरदृष्टि ... 9

२.३. लक्ष्य ... 9

२.४. उद्देश्य ... 10

३. नीति मार्गदर्शनका प्रमुख अङ्गहरु ... 10

३.१. नीति प्रावधानहरु (Policy Statements) ... 10

३.२. नीति, रणनीति तथा कार्यनीति ... 10

४. नीति कार्यान्वयनका आधारहरु ... 24

४.१. संस्थागत संरचना ... 24

४.२. वित्तीय श्रोत व्यवस्थापन ... 30

४.३. कानुनी व्यवस्था ... 31

४.४. अन्तरनीति समन्वय ... 31

४.५. अन्तरमन्त्रालय समन्वय ... 31

४.६. जोखिम व्यवस्थापन ... 31

५. नीति अनुगमन, समीक्षा तथा पुनरावलोकन ... 32

५.१. अनुगमन तथा मूल्याङ्कन ... 32

५.२. नीति समीक्षा तथा पुनरावलोकन ... 32

५.२.१. नीति समीक्षाका आयामहरु ... 32

५.२.२. नीति समीक्षाका परिणामहरु ... 33

६.     अनुसूचीहरु ............................................................ 34

## १.	पृष्ठभूमि

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र जनस्वास्थ्यसंग प्रत्यक्ष सरोकार भएको एक महत्वपूर्ण क्षेत्र भएकोले नेपालको संविधान ले स्वच्छ खानेपानीमा पंहुच तथा स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारलाई मौलिक हकको रुपमा स्थापित गरेको छ।

हाम्रो देशले विगतको तीन दशकमा खानेपानी तथा सरसफाइको क्षेत्रमा उल्लेख्य प्रगति हासिल गरेको छ। आधारभुत स्तरको खानेपानी सेवाबाट ९० प्रतिशत भन्दा बढि जनसंख्या लाभान्वित भएका छन् भने चर्पीको महत्वको बारेमा बुझाइ तथा जनचेतना स्तरमा भएको बिकासको कारण आनीवानीमा परिवर्तन भई खुला रुपमा दिसा पिसाब गर्ने अवस्थामा उल्लेखनीय सुधार भएको छ। यस क्षेत्रमा भएको विकासले सरुवा रोगको संक्रमण रोकथाममा उल्लेखनीय मद्दत पुर्याउनुको साथै पानीजन्य सरुवा रोगहरुमा कमि ल्याउन योगदान पुर्याएको छ। पाँच वर्ष मुनिका बालबालिकाको मृत्यू दरमा भएको कमिमा टेवा पूर्याउनुको साथै जनताको स्वास्थ्य तथा जीवन स्तरमा समेत सुधार ल्याएको छ। बिभिन्न अध्ययन अनुसार यस क्षेत्रमा गरिने लगानी बाट ५ देखि ३५ गुणा बराबरको आर्थिक प्रतिफल प्राप्त हुने गर्दछ।

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्र को महत्वलाई हृदयंगम् गर्दै दिगो विकास लक्ष्य अन्तर्गत "खानेपानी तथा सरसफाइमा सबैको पहुंचको सुनिश्चितता गर्ने" लक्ष्यको रुपमा लक्ष्य नं. ६ निर्धारण भएको छ। सन् २०३० सम्म हासिल गर्नुपर्ने दिगो विकास लक्ष अन्तर्गतका अन्य सवै राष्ट्रिय लक्षहरु हासिल गर्नकालागि खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको योगदान रहन्छ भने लक्ष नं. ३ र ५ प्राप्तिमा प्रत्यक्ष योगदान रहनेछ।

अव्यवस्थित सहरीकरण, निरन्तर भैरहेको जनसंख्या वृद्धि एवम् जलवायु परिवर्तन समेतको कारणले खानेपानीको स्रोतमा चाप वढने निश्चित भएको अवस्थामा खानेपानीको बढदो माग सम्वोधन गर्नुपर्ने चुनौती एकातर्फ छ भने अर्कोतर्फ खुला दिसा मुक्त अवस्थाको दिगोपना कायम राख्दै फोहरपानीको समुचित व्यवस्थापन लगायत खानेपानीका स्रोतहरुमा हुनसक्ने प्रदुषण नियन्त्रण गरी खानेपानीको गुणस्तर कायम गर्नुपर्ने थप चुनौती सामना गर्नुपर्ने छ।

संवैधानिक व्यवस्था वमोजिम मौलिक हकको रुपमा स्थापित भएको सवै नागरिकको स्वच्छ खानेपानीमा पहुंच र स्वच्छ वातावरणमा बांच्न पाउने अधिकार को परिपुर्ति गर्न संघ, प्रदेश र स्थानीय तहहरु बीच आपसी समन्वयको आधारमा कार्यक्षेत्रको बांडफांड गरी खानेपानी, सरसफाइ र स्वच्छताको विकासलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि उपयुक्त नीतिगत, कानुनी तथा संस्थागत व्यवस्था गर्न आवश्यक भएको छ।

### १.१.	ऐतिहासिक सन्दर्भ

संयुक्त राष्ट्रसंघबाट खानेपानी तथा सरसफाई दशक (१९८१ - १९९०) को घोषणापछि यस क्षेत्रको विकासले थप गति प्राप्त गर्यो। जलस्रोत ऐन २०४९, जलस्रोत नियमावली २०५०, खानेपानी नियमावली २०५५ तर्जुमा भई खानेपानी तथा सरसफाइ क्षेत्रको विकास तथा संरक्षणका प्रयासहरु भइरहेका छन् । खानेपानी र सरसफाइ क्षेत्रमा नीतिगत व्यवस्था अन्तर्गत राष्ट्रिय सरसफाई नीति (सन् १९९४), खानेपानी आपूर्ति क्षेत्रगत नीति (सन् १९९८) कार्यान्वयनमा आयो। संयुक्त राष्ट्रसंघबाट घोषित सहस्राब्दी विकासलक्ष

(सन् २००१ - २०१५) अन्तर्गत प्रष्ट राष्ट्रिय लक्ष र सूचकहरु निर्धारण गरी विकास साझेदारहरुलाई पनि यस क्षेत्रको विकासमा समाहित गरई यस क्षेत्रका लक्षहरु हासिल गर्न सक्नु एउटा कोसेढुँगाको रुपमा रहयो। जलस्रोत रणनीति (सन् २००२) तथा नेपाल जलयोजना (सन् २००५) अन्तर्गत खानेपानी तथा सरसफाइ सम्वन्धि राष्ट्रिय लक्षहरुमा पूर्णरुपमा सफलता हासिल नभए पनि उल्लेख्य प्रगति भएका छन्। उपयुक्त अवधिमा ग्रामीण खानेपानी तथा सरसफाइ नीति सन् २००४), भौतिक योजना तथा निर्माण मन्त्रालयको सोचपत्र (सन् २००७), सहरी खानेपानी तथा सरसफाई नीति (सन् २००९), सरसफाइ गरुयोजना (सन् २०११) आदि महत्वपूर्ण नीति तथा योजनाहरु तर्जुमा भई हालसम्म कार्यान्वयनमा रहेका छन्। उल्लेखित नीतिगत एवम् कानुनी व्यवस्थाको कार्यान्वयनबाट खानेपानी र आधारभुत सरसफाइको क्षेत्रमा हालसम्मको उपलव्धीहरु प्राप्त भएका छन्।

## १.२. वर्तमान अवस्थाको समीक्षा

नेपालमा बिगतका तीन दशकमा खानेपानी तथा सरसफाइको क्षेत्रमा उल्लेख्य सुधार भएको छ। अन्तर राष्ट्रिय खानेपानी तथा सरसफाइ दशकको समाप्ती ताका, सन् १९९० मा खानेपानी तर्फ करीव सैंतिस प्रतिशत जनतालाई खानेपानी सेवामा पहुँच भएकोमा, हाल सम्म करीव ९४ प्रतिशत जनतालाई आधारभुत स्तरको खानेपानी सेवामा पहुंच पुगेको छ। यस मध्ये करिव २४ प्रतिशत जनतालाई मध्यम स्तरको खानेपानी सेवामा पहुंच पुगेको छ। देशको राजधानी लगायत अधिकांश प्रादेशिक राजधानी, महानगरपालिका, जिल्ला सदरमुकाम र नगरपालिकाहरुमा Intermittent सेवा मात्र उपलव्ध हुन सकेको छ। सिमित साना सहरहरुमा मध्यम स्तरको सेवा उपलव्ध भएको छ भने अधिकांश ग्रामीण क्षेत्रहरुमा आधारभुत स्तरको सेवामात्र उपलव्ध भएको छ। तथापी, राष्ट्रिय तथ्याँक प्रणालीमा विभिन्न कारणले आपूर्ति अवरुद्ध भएका सेवाहरु प्रतिविम्बित नहुने र पहुंच तथा सेवा स्तर सम्वन्धि तथ्याँक अद्यावधिक गरीरहने वैज्ञानिक पद्दती नहुँदा बास्तविक अवस्था एकिन गर्न कठिन रहेको छ। उपभोक्ता समितिहरु प्रमुख खानेपानी सेवा प्रदायकको रुपमा रहेका छन् भने खानेपानी व्यवस्थापन बोर्ड र नेपाल खानेपानी संस्थान केहि सहरहरुमा सेवा प्रदान गरिरहेका छन्।

सन् १९९० मा सरसफाइ क्षेत्रमा करीब छ प्रतिशत मात्र पहुँच भएकोमा, सन् २०२० मा सबै घरधुरीहरूमा चर्पी निर्माण भई नेपाल दक्षिण एसिया मै खुला दिसा मुक्त घोषणा गरिएको पहिलो मुलुक भएतापनि यसको दिगोपना कायम राख्नु चुनौतिपूर्ण छ। सार्वजनिक स्थानहरुमा प्रयाप्त सार्वजनिक शौचालयको व्यवस्था हुन सकेको छैन।

मानव मलमुत्र सहितको फोहरपानी प्रशोधनको सुविधाबाट हाल सम्म करिव दुई प्रतिशत जनता मात्र लाभान्वित हुन सकेका छन्। समुचित ढल व्यवस्थापनको अभावमा फोहरपानी र मानव मलमुत्रीय फोहोर प्रशोधन विना नै नजिकैको नदी, सिमान्त जमिन, ढल वा नालीमा जथाभावी रुपमा विसर्जन गर्ने वर्तमान प्रवृत्तिले गर्दा अप्रशोधित फोहरपानी एवम् मानव मलमुत्रीय फोहोरले सतह र जमीन मुनिका पानीका स्रोतहरुलाई प्रदुषित बनाउनुका साथै जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पार्दैगएको छ।

खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको समुचित विकास, संरक्षण तथा लाभको न्यायोचित उपभोगको लागि संघ, प्रदेश र स्थानीय तहको स्पस्ट भूमिका सहित थप सक्रियता, समन्वय र सहकार्य हुन जरुरी छ।

## १.३. समस्या, चुनौती र अवसर

### समस्या

प्राकृतिक तथा मानवजन्य कारणहरुले पानीको स्रोतहरुमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी हुनु, अपेक्षा बमोजिम खानेपानी तथा सरसफाइ सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन नसकिनु तथा अव्यवस्थित सहरीकरण तथा मानब बस्तीको विस्तार र विकाससँगै सिर्जित फोहोरमैलाको उचित व्यवस्थापनको अभावमा नदीनाला, जलाशय तथा वातावरण प्रदुषित हुँदै जानु प्रमुख समस्याका रुपमा रहेका छन्। साथै खानेपानी तथा ढल व्यवस्थापन आयोजनाहरुमा लागत साझेदारी र जनश्रमदानमा एकरुपताको अभावमा कार्यान्वयन तहमा समस्या उत्पन्न हुनु, लागत सहभागिता अन्तर्गत अग्रिम नगद संकलनमा कठिनाइ हुनु, संचालनमा रहेका खानेपानी तथा सरसफाइ आयोजनाहरु विशेष गरी मल्टी स्टेज पम्पिङ (Multi-Stage Pumping) प्रणालीहरुमा संचालन खर्च उपभोक्ताले व्यहोर्न नसक्नु, तथा तीनै तहका सरकारबाट आयोजना तथा कार्यक्रमहरु संचालन हुँदा दोहोरोपना हुनु थप समस्याको रुपमा रहेका छन्।

### चुनौती

नेपालको संविधानबाट प्रदत्त खानेपानी तथा सरसफाइको अधिकार अनुरुप सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्नु, ह्रास हुदै गएका सतहगत र भूमिगत खानेपानीका श्रोतको जगेर्ना गर्नु, खानेपानी तथा सरसफाइका संरचनाहरुलाई जलवायु अनुकूल तथा विपद् व्यवस्थापन मैत्री बनाउदै लैजानु, अव्यवस्थित शहरीकरणका कारण खानेपानी तथा सरसफाइको सेवामा परेको चापलाई व्यवस्थित गर्नु, खानेपानी र सरसफाइको सेवा प्रवाहमा निजी क्षेत्रलाई आकर्षण गराउनु, परिवर्तित संस्थागत संरचनाको सन्दर्भमा खानेपानी तथा सरसफाइको क्षेत्रको व्यवस्थित विकासको लागि तीन तहमा क्षमता अभिवृद्धि गर्नु, शहर तथा वस्तीमा उपयुक्त आर्थिक तथा प्राविधिक उपायद्वारा मानव सिर्जित मल मूत्र लगायतका औद्योगिक र कृषिजन्य फोहोरपानीको सङ्कलन र प्रशोधन गरी उचित व्यवस्थापन गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन्।

### अवसर

परिवर्तित सन्दर्भमा समुदाय स्तरमा आयोजना पहिचान, तर्जुमा र कार्यान्वयनबाट उत्तरदायित्व वृद्धि हुने, जीवनशैलीमा आएको सुधारसँगै गुणस्तरयुक्त खानेपानी र सरसफाइ सेवाको बढ्दो माग, नदीनाला, तालतलैया तथा जलाशय लगायत अन्य वातावरणीय स्वच्छताका विषयमा जनचेतनामा आएको सकारात्मक अभिवृद्धि, सामुदायिक, गैरसरकारी तथा विकास साझेदारको सहयोग र सहभागिता, विदेशमा समेत खानेपानी निर्यात गर्न सकिने सम्भावना यस क्षेत्रका अवसरका रुपमा रहेका छन्।

## १.४. नीति निर्माणको आवश्यकता पहिचान

विद्यमान ग्रामीण खानेपानी तथा सरसफाइ नीतिले ग्रामीण परिवेशलाई संवोधन गरेको र शहरी खानेपानी नीतिले शहरी क्षेत्रलाई समेटेको हुंदा यी दुवैलाई सम्मिश्रण र एकीकरण गरी सिंगो राष्ट्रिय नीति निर्माण गर्ने आवश्यकता महसुस भएको छ। तत्कालीन एकात्मक प्रणाली अनुरुप तयार गरिएका नीतिहरुलाई परिमार्जन र एकिकरण गरी हाल अंगिकार गरिएको संघीय प्रणालीलाई संवोधन गर्दै नयां नीति तर्जुमा गर्नु जरुरी छ।

नेपालको संविधानमा व्यवस्था भए अनुरुप मौलिक हकको रुपमा स्थापित स्वच्छ खानेपानी सेवामा पहंच तथा स्वच्छ वाताबरणमा बाच्न पाउने हकको परिपुर्ति, संरक्षण, सम्बद्र्धन गरी दिगो रुपमा उपभोग गर्नका

निमित दिशानिर्देश गर्न तथा खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा रहेका वर्तमान समस्या तथा चुनौतीहरुलाई सम्बोधन गर्न र भविष्यमा उत्पन्न हुन सक्ने समस्याहरुलाई न्युनिकरण गर्न यो नीतिको योगदान रहनेछ। उपलव्ध जलस्रोतको संरक्षण, बहुउपयोगी उपयोगको प्रबद्र्धन गर्न सम्वनिधत निकायहरु तथा तिनै तहका सरकार बीच प्रभावकारी समन्वय र सहकार्यका लागि अधिकार तथा जिम्मेबारीको वांडफाड गरी खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको दिगो विकासको लागि नीतिगत एकरुपता कायम गर्ने विषयमा दिशा निर्देश गर्न यो नीतिको आवश्यकता रहेको छ ।

### १.५. परिभाषा

बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नीतिमाः

**उच्चस्तरको खानेपानी सेवा** भन्नाले विश्व स्वास्थ्य संगठनबाट जारी खानेपानी गुणस्तरसम्बन्धी निर्देशिका अनुसार गुणस्तर भएको, प्रतिव्यक्ति प्रतिदिन १०० लि. भन्दा बढी पानी उपलव्ध हुने, घरभित्रै धारा जडान भएको (Fully Plumbed), २४ घण्टा सेवा उपलव्ध हुने र बर्षैभरी निरन्तर रुपमा उपलब्ध हुने खानेपानी सेवालाई उच्चस्तर सेवाको रुपमा बर्गिकरण गरिएको छ ।

**मध्यमस्तरको खानेपानी सेवा** भन्नाले नेपाल खानेपानी गुणस्तर मापदण्ड, २०६२ अनुसार गुणस्तर भएको, प्रतिव्यक्ति प्रतिदिन ६५ देखि १०० लि. सम्म उपलव्ध हुने, घर आँगन भित्र धारा जडान भएको, १२ घण्टा सेवा उपलव्ध हुने र बर्षैभरी निरन्तर रुपमा प्राप्त हुने सेवालाई मध्यम स्तरको सेवाको रुपमा बर्गीकरण गरिएको छ।

**आधारभूतस्तरको खानेपानी सेवा** भन्नाले नेपाल खानेपानी गुणस्तर मापदण्ड, २०६२ मा उल्लेखित ग्रामीण खानेपानी योजनाहरुको लागि तोकिएको मापदण्ड अनुसार गुणस्तर भएको, प्रतिव्यक्ति प्रतिदिन ४५ देखि ६५ लि. सम्म उपलब्ध हुने, घरबाट १०० मी. सम्मको दुरीमा र दैनिक ८ घण्टा सेवा वर्षैभरी निरन्तर रुपमा उपलव्ध हुने आधारभूतस्तरको सेवाको रुपमा बर्गिकरण गरिएको छ।

**निम्नस्तरिय खानेपानी सेवा** भन्नाले पिउन योग्य, प्रति व्यक्ती प्रति दिन २५ देखि ४५ लि. सम्म उपलव्ध हुने सेवालाई निम्नस्तरिय खानेपानी सेवा बर्गिकरण गरिएको छ।

**सरसफाइ** भन्नाले मूलतः मानवमलमुत्र लगायतका मानव उत्सर्जित अन्य फोहोरमैला (Solidwaste) तथा वर्षातको पानीलाई सुरक्षित विसर्जन वा पुनर्उपयोगका लागि उपयुक्त हुने सेवा तथा सुबिधा र तिनमा सहज पहुँचलाई जनाउनेछ।

**सरसफाइ सुविधा** भन्नाले फोहोरपानी व्यवस्थापन गर्न ढल निकास तथा प्रशोधन गरी मानव मलमुत्र लगायत अन्य फोहरबाट जनस्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न नदिन र स्वस्थ्य रहन व्यक्तिगत, घरासयी र वातावरीय स्वच्छता कायम गरी जनसमुदायको स्वास्थ्यमा सुधार ल्याउनका लागि गरिने प्रबर्धनात्मक कृयाकलाप र घरेलु, संस्थागत तथा सार्बजनिक शौचालयको प्रबर्धन, मानब मलमुत्रको सेप्टिक ट्यांक वा त्यस्तै अन्य संयन्त्रमा स्थलगत सञ्चय, आवधिक संकलन, ढुवानी तथा प्रशोधन गरी सुरक्षित बिसर्जन वा पुनर्उपयोग र फोहरपानीको भूमीगत सोचन अथवा निकास प्रणाली द्वारा सुरक्षित विसर्जन वा पुनर्उपयोग गर्ने कुनै वा सबै कार्य संझनु पर्दछ। सो शब्दले सरसफाई सेवा उपलब्ध गराउन गरिने अन्य कार्य समेतलाई जनाउनेछ।

**सुरक्षित खानेपानी** भन्नाले स्वास्थ्यका लागि असुरक्षित बनाउन सक्ने भनी तोकिएका प्रदूषकहरूको उपस्थिति राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ र प्रशोधित पिउने पानी मापदण्ड सम्बन्धि निर्देशिका २०७४ भित्र रहेको वा रहने गरी आपूर्ति गरिएको पानी सम्झनु पर्छ।

**पानीको शुद्धिकरण** भन्नाले राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड २०६२ बमोजिम पानी आपुर्ति गर्नकालागि पानीमा भएका भौतिक, रासायनिक र जैबिकप्रदूषक तत्वहरूको गुणस्तर सुधार गर्ने र यसलाई सुरक्षित राख्ने कार्य सम्झनु पर्छ।

**खानेपानीको प्रशोधन** भन्नाले आपूर्ति गरिने खानेपानीको सुद्धिकरणका लागि बिभिन्न किसिमका संयन्त्र, संरचना वा उपकरण प्रयोग गरी खानेपानीलाई सुरक्षित बनाउन अवलम्बन गरिने विधिसम्झनु पर्छ।

**फोहरपानी** भन्नाले खानेपानीको घरेलु, सार्वजनिक र संस्थागत उपयोग पश्चात् निस्काशन हुने मानव मलमुत्र सहित वा रहित फोहरपानी सम्झनु पर्छ र सो शव्दले सो सँगै मिसिएर आउने वर्षातको पानी समेतलाई जनाउछ।

**दिसाजन्य लेदो** (Fecal Sludge) भन्नाले शौचालय, सेप्टिक ट्याङ्क वा त्यस्तै अन्य संयन्त्रबाट उत्पन्न मानवमलमुत्र जन्य फोहोर सम्झनु पर्छ।

**दिसाजन्य लेदो व्यवस्थापन** (Fecal Sludge Management) भन्नाले मानवमलमुत्रको सेप्टिकट्याङ्क वा त्यस्तै अन्य संयन्त्रमा स्थलगतसञ्चय, आवधिक संकलन, ढुवानी एवं सुरक्षित विसर्जन वा पुनर्उपयोगलाई सम्झनुपर्छ।

**फोहरपानीको प्रशोधन** भन्नाले घरायसी, संस्थागत वा औद्यगिक फोहरपानीलाई आवश्यक विधि वा संयन्त्र अवलम्बन गरी प्रकृतिमा बिसर्जन वा पुनर्प्रयोगमा ल्याउन योग्य बनाउने कार्य सम्झनु पर्छ।

**शौचालय** भन्नाले शौच कार्यका लागि निर्मित संरचनालाई बुझाउँदछ। संरचना बाल मैत्रि, महिलामैत्री तथा महिनावारी व्यवस्थापनको सुविधा सहित भिन्न क्षमता भएका व्यक्तीहरुले समेत प्रयोग गर्न सहज हुने गरी निर्माण भएको हुनु पर्दछ।

**ढल व्यवस्थापन** भन्नाले मानव मलमुत्र रहित फोहोरपानीलाई भूमिगत/सतही ढल वा मानव मलमुत्रसहितको फोहोरपानीलाई भुमिगत ढल प्रणालीबाट संकलन, स्थान्तरण, प्रशोधन गरी विसर्जन वा पुनःप्रयोग गर्ने पुर्वाधार र सो को संचालन गर्ने प्रणालीलाई सम्झनुपर्छ।

**उपयोगकर्ता मैत्री खानेपानी सरसफाइ सेवा र सुबिधा** भन्नाले त्यस्तो सेवा वा सुबिधा उपयोगकर्ताको लैङ्गिकता, उमेर समुह वा शारिरिक अबस्था वा क्षेमता अनुरुप हुनेगरी प्रबन्ध गरिएको खानेपानी सरसफाइ सेवा वा सुबिधालाई बुझाउँदछ। साथै, सार्बजनिक स्थानहरूमा प्रबन्ध गरिने खानेपानी सरसफाइ सेवा तथा सुबिधाहरू उपयोगकर्ता मैत्री हुनु पर्ने पनि स्वतः बुझिनु पर्दछ।

## २. नीति मार्गदर्शन

खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिलाई मार्गदर्शन गर्ने मुख्य दृष्टिकोणहरु निम्न बमोजिम रहेका छन्।

## २.१. नीतिको मार्गदर्शक सिद्धान्त तथा आधारहरु

- खानेपानी, सरसफाइ तथा स्वच्छता सँग सम्बन्धित मौलिक हकको सुनिश्चितता।
- मानव अधिकार, लैङ्गिक समानता र सामाजिक न्यायको संरक्षण एवं प्रवर्धन गरी समतामूलक सेवा प्रवाह।
- नेपाल पक्ष राष्ट्र भएका खानेपानी, सरसफाइ तथा स्वच्छता सँग सम्वन्धित अन्तरराष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयनमा प्राथमिकता।
- सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलव्ध साधन श्रोतको अधिकतम परिचालन।
- स्थानीय समुदायको परिचालन तथा जनसहभागिता अभिवृद्धि।
- राष्ट्रिय हित अनुकूल वैदेशिक पूंजि तथा प्रविधिको लगानी आकर्षित गरी खानेपानी, सरसफाइ तथा स्वच्छताको विकासमा प्रोत्साहन एवं परिचालन।
- खानेपानी, सरसफाइ तथा स्वच्छताको विकासको लागि वैदेशिक सहायता लिन राष्ट्रिय आवश्यक्ता र प्राथमिकतामा आधारित वैदेशिक सहायता परिचालन।
- सेवा उपलव्धमा दुर्गम तथा पछाडि पारिएका क्षेत्रलाई विशेष प्राथमिकता।
- खानेपानी, सरसफाइ तथा स्वच्छताको विकासमा सूचना प्रविधिको अधिकतम उपयोग।
- खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा अध्ययन तथा अनुसन्धानमा आधारित उपयुक्त प्रविधि छनौट, उपयोग तथा विकास।
- विकासको प्रतिफल वितरणमा बिपन्न नागरिकलाई प्राथमिकता।
- प्राकृतिक साधन श्रोतको संरक्षण तथा संवर्द्धन गर्दै वातावरण अनुकूल दिगो रुपमा उपभोग।
- समन्वय र सहकार्यमा आधारित जलश्रोतको बहुउपयोगी विकास।
- भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमको न्यूनिकरण।
- वातावरण प्रदुषण गर्नेले सो वापद दायित्व बेहोर्नुपर्ने तथा वातावरण संरक्षणमा पूर्व सावधानी तथा पूर्व सूचित सहमती जस्ता पर्यावरणिय दिगो विकासको सिद्धान्त अवलम्बन।
- प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना, तयारी, उद्धार, राहत एवं पुनर्स्थापना।

## २.२. दूरदृष्टि

स्वच्छ, सुरक्षित, सुलभ, सहज र दिगो खानेपानी तथा सरसफाइ सेवाको माध्यमबाट स्वस्थ र समृद्ध समाज तथा प्रदुषणमुक्त वातावरण निर्माण गर्ने।

## २.३. लक्ष्य

(क) नेपाल भित्र बसोवास गर्ने हरेक व्यक्तिको स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित् गर्ने।

(ख) खानेपानी तथा सरसफाइ सेवाको गुणस्तरमा निरन्तर सुधार गर्दै सन् २०३० सम्ममा नेपाली नागरिकलाई दिगो विकास अन्तर्गतका राष्ट्रिय लक्ष्य अनुरुपको सेवा उपलब्ध गराउने।

(ग) समन्वयात्मक प्रयासहरुको माध्यमबाट खानेपानीका स्रोतहरुको संरक्षण र संबर्धन गर्नुका साथै बैकल्पिक स्रोतहरुको विकास र विस्तार गर्ने।

(घ) खानेपानी तथा सरसफाई क्षेत्रमा नवीनतम प्रबिधि तथा मोडेलहरुको अभ्यासबाट खानेपानी तथा सेवालाई व्यवस्थित, प्रभावकारी र सर्बसुलभ बनाउने।

(ङ) मानवद्वारा उत्सर्जित फोहरको समुचित व्यवस्थापनको माध्यमबाट वातावरणीय स्वच्छता कायम गर्ने।

## २.४. उद्देश्य

(क) खानेपानीका मुहानहरुको संरक्षण, विकास र समुचित प्रयोग गर्नु,

(ख) स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँच पुर्याउन,

(ग) उत्तरदायी खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको विकास गर्न,

(घ) सफा र स्वच्छ वातावरणको निर्माण गर्नु,

(ङ) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत भूमिकाहरुमा स्पष्टता कायम गर्नु,

(च) खानेपानी तथा सरसफाई क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गरी स्तरीय सेवा उपलब्ध गराउने,

(छ) क्षेत्रगत नियमन, प्रभावकारिता एमं उत्तरदायित्व अभिवृद्धि गर्नु।

# ३. नीति मार्गदर्शनका प्रमुख अङ्गहरु

## ३.१. नीति प्रावधानहरु (Policy Statements)

नीतिका उद्देश्य प्राप्तिका लागि प्रमुख कार्यान्वयन योग्य प्रावधानहरु :-
संविधान प्रदत खानेपानी तथा सरसफाइ पहुँचमा सबै नागरिकको पहुँच सुनिश्चितता गर्न सेवाबाट बंचित समुदायको पहिचान, नागरिकले उपभोग गरिरहेका मौजुदा सेवा स्तरको Profile तयार गरी राष्ट्रिय लक्ष्य लगायत दिगो विकास लक्ष अनुरुपको सेवास्तर प्रदान गर्न पालिका स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता गुरुयोजना (WASH Plan) पालिकाको नेतृत्व तथा अपनत्वमा तयार गरिनेछ।

उक्त गरुयोजनामा कार्यान्वयन गरिने आयोजनाको पहिचान, प्राथमिकिकरण तथा कार्ययोजना अभिन्न अंग हुनेछ। खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको विकास, संचालन, सेवा प्रवाह आदि का लागि वास प्लानको प्रमुख आधार हुनेछ। वास प्लानको कार्यान्वयन तीनै तहको सरकार लगायत विकास साझेदार, गैर सरकारी संस्था, निजी संघ संस्था तथा सम्पुर्ण सरोकारवाला निकायहरु बीच आपसी समन्वय र सहकार्यबाट गरिनेछ।

मार्गदर्शक सिद्धान्तको आधारमा यस नीतिमा उल्लेखित लक्ष्य तथा उद्देश्यहरु तल उल्लेखित नीति, रणनीति तथा कार्यनीतिहरुको कार्यान्वयनबाट प्राप्त हुनेछ।

## ३.२. नीति, रणनीति तथा कार्यनीति

**उद्देश्य १ -** "खानेपानीका मुहानहरुको संरक्षण, विकास र समुचित प्रयोग गर्नु" सँग सम्बन्धित

क) स्रोतहरुको संरक्षण र विकासका कार्यलाई आयोजनाहरुको निर्माण र संचालनसंग आवद्ध गरी आयोजनाको अभिन्न अंगको रुपमा संचालन गरिनेछ।

- स्रोतहरुको विकास, उपयोग, भौतिक संरक्षण र गुणस्तर सुधार सम्बन्धी कानूनी व्यवस्था गरिनेछ।
- कार्यविधिको आधारमा नियमित रुपमा स्रोतहरुको बहाव मापन र गुणस्तर परीक्षण गरी तथ्याङ्क व्यबस्थापन गरिनेछ।
- पानीको श्रोत, गुणस्तर, भौगोलिक अवस्था, जनसङ्ख्याको पहुँच, उपयोगिताको आधारमा वर्गिकरण गरी संरक्षण, विकाश, समुचित प्रयोग र विपद् व्यवस्थापनको लागि लेखाजोखा (Risk assessment, risk characterization) तथा दुर संवेदन प्रणाली (Remote sensing) र भौगोलिक सूचना प्रणाली (Geographic information system) मार्फत नक्शाङ्कन (mapping) गरिनेछ।
- विपद् व्यवस्थापनको (पूर्व) सूचना प्रणालीलाई समय-सान्दर्भिक, छरितो, पारदर्शी र विश्वासिलो बनाइने।
- श्रोत वरीपरी हरियाली कायम गरी श्रोत परिसरलाई प्रदुषणमुक्त बनाउनेछ।

ख) ठूला सहरी क्षेत्रमा खानेपानी आपूर्ती गर्न जलाधारहरुको पहिचान गरी यस्ता क्षेत्रहरुको बिशेष संरक्षण र विकास गरिनेछ।

- शहरी तथा संवेदनशील क्षेत्रहरुमा भूमिगत पानी व्यवस्थापन गर्न विस्तृत कार्यविधि तथा कानुन बनाइ भूमिगत पानी प्रयोगको अनुगमन तथा नियमन गरिनेछ।
- सतह तथा भूमिगत स्रोतहरुमा प्रदूषण नियन्त्रणका लागि कानूनी व्यवस्था सहित प्रदुषण नियन्त्रणका उपायहरुको अबलम्बन गरिनेछ।
- माग व्यवस्थापन (Demand Management) लाई प्रोत्साहित गर्दै पानीको चुहावट नियन्त्रण, गरी आपूर्तिमा सुधार गर्ने, पानी खेर नफाल्ने जस्ता उपायहरुको अवलम्बन गरिनेछ। सो को लागि आवश्यक जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ।
- खानेपानी क्षेत्रमा संघबाट प्राप्त रकमको कम्तिमा **०.५ प्रतिशत** बमोजिमको रकम स्थानीय सरकारले स्रोतहरुको संरक्षणका लागि खर्च गर्नुपर्ने व्यवस्था मिलाइनेछ।
- पानीको प्रयोग सम्बन्धी अधिकारहरुको स्पष्ट व्यबस्था गरिनेछ।पानीको स्रोतहरुको संरक्षण र न्यायोचित उपयोगका लागि खानेपानी, सरसफाइ तथा स्वच्छता सँग सम्बन्धित अन्य नीति तथा कार्यक्रमसँग समन्वय गरिनेछ।

ग) भूमिगत पानीको पुनर्भरण गर्ने उपायहरु र प्रबिधिको विकास गरिनेछ।

- खानेपानी प्रयोजन अन्तर्गत भूमिगत पानी व्यवस्थापनको लागि छुट्टै विस्तृत कार्यविधि तथा कानून बनाइनेछ।
- भूमिगत पानी पुनर्भरणका लागि ग्रामीण क्षेत्रहरुमा पुनर्भरण पोखरीहरु (Recharge Pond) को निर्माण गरिनेछ। शहरी क्षेत्रहरुमा पुनर्भरणको कार्यलाई भवन निर्माण संहितासँग आवद्ध गरिनेछ।
- परम्परागत पानी पोखरी, ढुंगेधारा र मूलहरुको संरक्षण गर्न कार्यक्रमहरु संचालन गरी भौगोलिक र प्राकृतिक स्वरुपको समेत जगेर्ना गरिनेछ।
- अध्ययन गरी संभाव्य देखिएका स्थानहरुमा भूमिगत जलस्रोत पुनर्भरणका कार्यक्रमहरु संचालन गरिनेछ।

- भूमिगत पानीको स्वामित्व र प्रयोगबारे कानूनी स्पष्टता कायम गरिनेछ।

घ) जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनरुपयोगलाई प्रोत्साहन र प्रबर्धन गरिनेछ।

- जलश्रोतको अन्य उपभोग प्रणालीको (जस्तै — सिचाई, उर्जा आदि) दक्षतामा सुधार (Efficiency Improvement) गरी गार्हस्थ्य प्रयोगको लागि थप पानी प्राप्त गर्न प्रोत्साहन गरिनेछ। यो नीतिको कार्यान्वयन गर्दा जलश्रोत सँग सम्बन्धित अन्य नीतिहरुका प्राबधानहरुलाई समेत मध्यनजर गरिनेछ।
- जलस्रोतको बहुउपयोग, एकीकृत उपयोग तथा पुनर्उपयोगको संभावनाहरुको पहिचान गरी तदनुरुपका कार्यक्रमहरु समन्वयात्मक रुपमा संचालन गरिनेछ।
- वर्षातको पानी संकलन, भण्डारण र बहुप्रयोग गर्ने गराउनेलाईलाई प्रोत्साहन गरिनेछ।

**उद्देश्य २ -** "स्वच्छ खानेपानी तथा सरसफाईमा पहुँच पुर्याउन" सँग सम्बन्धित

क) आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट बंचित रहेका समुदायहरुमा खानेपानी तथा सरसफाइ सेवा पुर्याउने कार्यक्रमहरुलाई प्राथमिकता दिई संचालन गरिनेछ।

- सन् २०३० सम्ममा प्रत्येक नेपालीलाई एक घर एक धारा सुनिश्चित गरिनेछ।
- प्रदेश सरकारको सहभागितामा प्रादेशिक र स्थानीय सरकारको सहभागितामा नगरपालिका र गाँउपालिका स्तरमा खानेपानी तथा सरसफाइ योजनाहरु तर्जुमा गरी कार्यान्वयन गरिने छन्। सेवा बिमुख समुदायहरुको पहिचान र नक्शाङ्कन गरी खानेपानी तथा सरसफाई सेवाको सुनिश्चितता गरिनेछ।
- प्रत्येक घरमा जडान गरिने धारामा मिटर जडान गरिनेछ। हाल मिटर जडान नभएका धाराहरुमा खानेपानी प्रणालीको दिगोपनको लागि क्रमश मिटर जडान गरिदै लगिनेछ।
- स्थानीय खानेपानी तथा सरसफाई आयोजनाहरु उपभोक्ताहरुको सक्रिय सहभागितामा तर्जुमा, विकास, निर्माण, संचालन तथा व्यवस्थापन लाई प्रभावकारी बनाई सीमान्तकृत समुदाय, महिला, लैङ्गिक अल्पसंख्यक तथा बिपन्न बर्गका साथै सबै जातजाती, भाषा, समुदायको सहभागिता सुनिश्चित गर्न जोड दिइनेछ। सो को लागि खानेपानी, सरसफाइ तथा स्वच्छता उपभोक्ता समिति गठन गरिनेछ।

ख) दिगो उपलब्धिका लागि स्थानीय सरकारको सक्रियतालाई प्रभावकारी बनाउदै लाभान्वित समुदायको सहभागितामा आयोजनाहरु निर्माण तथा संचालन गरिनेछ।

- संघीय सरकारबाट कार्यान्वयन गरिने आधारभूत खानेपानी सेवा उपलब्ध गराउने आयोजनाहरूमा उपभोक्ता सहकार्यमा कार्यान्वयन गरिने छन्।
- आधारभूत स्तरको खानेपानी सेवा प्रदान गर्ने बाहेकका अन्य "खानेपानी, सरसफाइ तथा स्वच्छता" आयोजना निर्माण वा पुनर्निर्माणका लागि लागत सहभागीता र कार्यान्वयन ढाँचा आदि सहित खुलाई छुट्टै निर्देशिका बनाई कार्यान्वयन गरिनेछ।
- प्रदेश सरकारको सहभागितामा प्रादेशिक र स्थानीय सरकारको सहभागितामा नगरपालिका र गाउँपालिका स्तरमा खानेपानीतथा सरसफाइ सम्बन्धी योजनाहरु तर्जुमा गरी नियमित रुपमा अद्यावधिक गरिने छन्।

- खानेपानी तथा सरसफाई सेवाको दिगोपन तथा स्तरीयता अभिबृद्दी गर्न स्थानीय सरकारलाई आवश्यक सहयोग तथा सहजिकरण गरिनेछ।
- शहरी बिपन्न बर्गलाई सेवाको मूल प्रवाहबाट लाभान्वित गर्न यस्ता वर्गको पहिचान तथा नक्सांकन गरी स्थानीय सरकारको सहभागितामा प्रतिफलमा आधारित लक्षित अनुदानका कार्यक्रमहरु संचालन गरिनेछ।

ग) पुराना र संचालनमा समस्या भएका आयोजनाहरुको उचित मर्मत संभार तथा पुनर्स्थापन गरी भरपर्दो सेवाको प्रत्याभूती गरिनेछ।

- खानेपानी सेवाको दिगोपनको लागि आयोजनाहरुको नियमित मर्मत संभारको सुनिश्चितता, संचालन तथा व्यवस्थापनका लागि मापदण्ड तोकि एकरुपता कायम गरिनेछ।
- खानेपानी प्रणालीहरुको नियमित मर्मत सम्भारको लागि मर्मत सम्भार कोषको सुनिश्चितता गरिनेछ। लागत अनुमानको १ प्रतिशत मर्मत संभार कोषमा जम्मा गरिनेछ।
- सेवा प्रदायक संस्थालाई सेवा सुधार, बिस्तार वा स्तरोनन्तीका लागि सहजिकरण गरिनेछ।
- भुकम्प, बाढी जस्ता प्राकृतिक प्रकोपबाट हुन सक्ने क्षतिको जोखिम न्यूनिकरणका लागि खानेपानी बीमा कार्यक्रमलाई प्रोत्साहन गरिनेछ। जलवायु परिवर्तनको असर न्यूनिकरण गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता पुजीको लगानी गरिनेछ।

घ) सेवा संचालनमा समयसापेक्ष सुधार गर्न आयोजनाहरुको भौतिक संरचनागत सुधार, आयोजनाको वर्गिकरणका साथै खानेपानी तथा सरसफाई सेवा प्रदायकको क्षमता विकासका कार्यहरुलाई प्रभावकारी रुपमा अघि बढाइनेछ।

- खानेपानी आयोजनाहरुको तयारी, विकास, निर्माण तथा व्यवस्थापन र संचालनमा स्थानीय उपभोक्ताहरुको क्षमता विकासका लागि तालिम लगायत बिबिध कार्यक्रमहरु संचालन गरिनेछ। क्षमता विकासका लागि राष्ट्रिय खानेपानी तथा सरसफाइ प्रशिक्षण केन्द्र, खानेपानी मन्त्रालयलाई थप सुद्रढिकरण गरिनेछ।
- परियोजना सुरु गर्नअघि, सुरु गरे पश्चात, हस्तान्तरण पूर्व, हस्तान्तरण पश्चात खानेपानी, सरसफाइ तथा स्वच्छताको परिमणात्मक सञचकाङ्कहरु (अनुसूचि — ३) विकास गरी प्रयोग गरिनेछ। आवश्यक जनशक्ति, तालिम, जगेडा सामाग्री र संचालनको लागि न्यूनतम कोषको सुनिश्चितता गरिनेछ।
- सुचकांकहरुको प्रगतीको आधारमा मात्र स्थानिय तहहरुले व्यवसायिक रुपमा सञ्चालित आयोजनाहरुको मुल्यांकन गरिने पद्दतिको विकास गरिनेछ।
- अति दूर्गम भेगका वा खानेपानी तथा सरसफाइ सेवा प्रदायक संस्थाका पदाधिकारी तथा कर्मचारीहरूलाई प्राथमिकतामा राखी तालिम कार्यक्रम संचालन गरिनेछ। तलिमको प्रभावकारिता आवधिक रुपमा मुल्याङ्कन गरिनेछ।
- दूर्गम भेगका सेवा प्रदायक वा खानेपानी तथा सरसफाई सेवा प्रदायक संस्था हरूमा पर्याप्त र सिपयुक्त दक्ष जनशक्तिलाई संस्थामा निरन्तरता कायम राख्ने कार्यमा सहजिकरण गर्दै सो को लागि जिम्मेवार बनाइनेछ।
- खानेपानी सेवा तथा प्रणालीहरुको दिगो सञ्चालन व्यवस्थापन तथा मर्मत संभारका लागि प्राविधिक सेवा तथा सहयोग पुर्याउनका लागि स्थानीय “खानेपानी, सरसफाइ तथा स्वच्छता”

एकाई समेतको सहकार्यमा हरेक पालिका तहमा उपयुक्त जनशक्ति र साधन श्रोत युक्त कम्तिमा एक टेवा तथा सहयोग केन्द्रको स्थापना र सञ्चालनमा सहयोग एबम सहजिकरण गरिनेछ।

- उपभोक्ता समितिहरुमा समतामूलक प्रतिनिधित्व सुनिश्चित गर्ने र उपभोक्ता समितिहरुको सेवालाई उपभोक्ताहरुप्रति बढी उत्तरदायी बनाउन उपभोक्ता समिति गठन तथा संचालन सम्बन्धी निर्देशिकाहरु तयार गरी लागू गरिनेछ। सेवा प्रवाहको नियमित अनुगमन गर्न स्थानीय तहको क्षमता विकासका कार्यहरु संचालन गरिनेछ।
- उपभोक्ता समितिहरुलाई सेवा संचालनमा सहयोग पुग्नेगरी बिभिन्न प्रकृतिका प्रणालीहरुलाई सेवा सम्पादन कार्य क्षमताको आधारमा बर्गिकरण गरिएको आवश्यक निर्देशिका (Manual) हरुको विकास गरिनेछ।

ङ) खानेपानीको गुणस्तर सुधार कार्यलाई प्राथमिकताका साथ अघि बढाइनेछ।

- निरोधात्मक उपायहरुको अबलम्बन गरी खानेपानीको गुणस्तर कायम राख्न कार्यक्रमहरु संचालन गरिनेछ। पानी सुरक्षा योजना र सरसफाई सुरक्षा योजनाको कार्यविधी तयार गरिनेछ।
- राष्ट्रिय खानेपानी गुणस्तर निर्देशिका तथा कार्यबिधि बमोजिम लक्ष्य प्राप्त गर्ने कार्यलाई प्राथमिकतासाथ संचालन गरिनेछ।
- सुरक्षित खानेपानी सेवाको उपयोग सम्बन्धी उपभोक्ता केन्द्रित चेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ। प्रत्येक स्थानीय तहमा पानी परिक्षण प्रयोगशाला स्थापना गरिनेछ। प्रयोगशालाको प्रमाणिकरणको व्यवस्था गरिनेछ।
- खानेपानीको उत्पादन तथा वितरणसंग सम्बन्धित अन्य निकायहरुसंग समन्वय गरी सबै किसिमको खानेपानी (ट्याङ्कर, जार, बोटल आदि) को वितरणमा गुणस्तर सुनिश्चित गर्न आवश्यक सहजीकरण गरिनेछ।
- ट्याङ्कर, जार, बोटल जस्ता पानी बितरण गर्ने व्यवसायीहरुको सेवा अनुगमन गरिनेछ।
- सेवा स्तरहरुको मापन गर्ने स्पष्ट आधार र विधि सहित मापदण्ड र निर्देशिकाहरुको विकास गरिनेछ। सेवास्तर (अनुसूची — २) अनुगमनको लागि मापदण्ड र विधिको आधारमा सेवा प्रदायकले प्रदान गरेको सेवाको नियमित अनुगमन तथा आवश्यक सुधार गरिनेछ।

च) व्यक्तिगत र गार्हस्थ्य स्वच्छताका साथै, सामुदायीक, विद्यालय र अन्य सार्वजनिक स्थलहरु सफा र सुरक्षित राख्न सरसफाइका प्रभावकारी कार्यक्रमहरु संचालन गरिनेछ।

- विद्यालयहरु र सामुदायिक स्थानहरुमा निरन्तर पानी र सफा शौचालयको व्यवस्थाको सुनिश्चितताको लागि स्थानिय सरकारसंग समन्वय गरी गरिनेछ। संरचनाहरु सामावेशिताको सुनिश्चितता सहित प्रयोग मैत्रि बनाइनेछ।
- स्थानीय प्राथमिकताका आधारमा उपभोक्ताले धान्न सक्ने प्रयोग शुल्क सहितका सार्वजनिक शौचालय वा एकीकृत व्यावसायीक सेवा केन्द्रहरुको विकास गरिनेछ। यस्ता शौचालयहरुको निर्माण र व्यबस्थापनका लागि मापदण्ड र निर्देशिकाहरु तयार गरिनेछ।
- सार्वजनिक तथा संस्थागत शौचालयहरु प्रयोगकर्ता मैत्री बनाइनेछ।
- विद्धयालय एवं स्वास्थ्य संस्थाहरुमा निरन्तर पानी र सफा शौचालयको व्यवस्था गर्न क्रमशः शिक्षा एवं स्वास्थ्य तथा जनसंख्या मन्त्रालयसंग समन्वय गरिनेछ।

छ) खानेपानी तथा सरसफाई क्षेत्रमा नविनतम तथा उपयुक्त प्रबिधी, प्रकृया तथा अभ्यासहरुको अनुसन्धान, खोज तथा बिकास गरि सो को प्रयोगलाई प्रोत्साहन गरिनेछ।

- छिटो छरितो र स्तरीय खानेपानी तथा सरसफाई सेवाका लागि बिभिन्न क्षेत्रगत बिषयहरुमा अध्ययन, अनुसन्धान तथा खोज गर्न बिभिन्न बिश्वबिध्यालय, बिज्ञ वा विद्धत् परिषद् संग समन्वय गरि अनुसन्धान तथा शोध कार्यलाई अगाडि बढाईनेछ।
- बिभिन्न बिश्वबिध्यालयमा पढाईने सरसफाई ईन्जिनियरिङ बिषयको स्नाकोत्तर तहका विध्यार्थीलाई खानेपानी तथा सरसफाई संग सम्बन्धित शोधका लागि प्रोत्साहित गरिनेछ।
- नवितम तथा उपयुक्त प्रबिधि, उपकरण तथा प्रकृयालाई पाईलटिङ गर्ने कार्य अगाडि बढाईनेछ।
- बिभिन्न अनुसन्धान, खोज तथा नमूना अभ्यासहरुलाई राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र मार्फत प्रशिक्षण तथा प्रबर्धन गरिनेछ।
- खानेपानी सेवा प्रदायकका नविनतम तथा स्तरीय अभ्यासहरुलाई प्रोत्साहन गरी प्रबर्धन गरिनेछ।

**उद्देश्य ३ -** "उत्तरदायी खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाको विकास गर्न" सँग सम्बन्धित

क) खानेपानी तथा सरसफाइको सर्वसुलभता कायम राख्दै गुणात्मक सेवा अभिवृद्धिको लागि खानेपानी तथा सरसफाई सेवा सुधारका कार्यक्रमहरु संचालन गरिने छ।

- खानेपानी तथा सरसफाइ प्रणाली र प्रशोधन केन्द्रहरुको प्रभावकारिता बृद्धि गर्न Supervisory Control And Data Acquisition (SCADA) जस्ता कम्प्युटरकृत प्रणालीहरुको प्रयोगलाई प्रोत्साहित गरिनेछ।
- खानेपानी सेवालाई चुस्त र दुरुस्त बनाउन खानेपानी आयोजनाहरुबाट सम्पादन भएका सेवाहरुको अनुगमन, सुधार तथा क्षमता अभिबृद्दीका लागि कार्यसंपादन मुल्यांकन सूचकहरु तर्जुमा गरी कार्यान्वयन गरिनेछ।
- खानेपानी आयोजनाहरुको दक्षता अभिबृद्धि तथा सेवा सुधारका लागि खानेपानी तथा सरसफाइ प्रणालीहरुको बर्गिकरण (अनुसूची - १) गरि आयोजनाको प्रकृती अनुरुपका संचालन मापदन्डहरु लागु गरिनेछ।

ख) बढ्दो सहरीकरण र संभाव्य स्रोतहरुको सीमितताबीच प्रभावकारी सेवा कायम गर्न तथा बिशेषतः तराईका आर्सेनिक प्रभावित क्षेत्रहरुमा प्रदुषित भूमिगत पानीको प्रयोग बिस्थापन गर्न थोक पानी वितरणका आयोजनाहरु संचालन गरी स्वच्छ पानी आपूर्ति गरिनेछ।

- संभाव्यताका आधारमा बढदो जनसंख्या, तिब्र शहरीकरण ले बातावरण परिबर्तनका कारण ले गर्दा खानेपानी सेवा बृद्धीका लगायत अन्य जलश्रोतको बहुउपयोगको लागि बिभिन्न निकाय संग साझेदारी तथा समन्वय हुनसक्ने गरी जलाशयहरुको निर्माणबारे अध्ययन तथा कार्यान्वयन गरिने छ।
- अन्य निकायहरुबाट निर्माण भएका वा संभाव्य देखिएका ठूला ठूला जलाशयहरुको निर्माण सम्बन्धी आयोजनाहरुमा खानेपानीसमेतको लागि एकिकृत आयोजना निर्माण बारे संभाव्यता अध्ययन गरी कार्यान्यनका लागि आवश्यक समन्वय गरिनेछ।

- थोक बितरण प्रणालीको विकास गरी खानेपानी उपलब्ध गराउन सकिने बिषयबारे अध्ययन, प्रबर्धन तथा कार्यान्वयन गरिनेछ।
- थोक खानेपानी बितरण सम्बन्धमा सार्वजनिक नीजि साझेदारीका लागि नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ।

ग) खानेपानी तथा सरसफाइ सेवाको सर्वसुलभता कायम रहनेगरी गुणात्मक सेवा प्रवाहमा व्यवसायिकताको अभिवृद्धि गर्न संस्थागत सबलीकरणका सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ।

- संचालन व्यवस्थापनमा सुधार गर्न र व्यवसायिकता बृद्धिका लागि स्थानीय तहहरु तथा उपभोक्ताहरुप्रति जिम्मेवार सार्बजनिक तथा सार्वजनिक निजी क्षेत्र साझेदारीका बिभिन्न मोडेलहरुलाई प्रोत्साहन गरिने छ।
- पानी निर्मलीकरणका लागि आवश्यक पर्ने क्लोरिन ग्यास वा अन्य उपयुक्त प्रविधि देश भित्र नै उत्पादन गर्न पहल गरिने छ।
- संचालन दक्षतामा अभिबृद्धि गर्न बिभिन्न आयोजनाहरुलाई एकीकरण (Merger) गरी स्थानीय बोर्डकरुपमा कम्पनी, बोर्ड वा सहकारी जस्ता बिभिन्न बैकल्पिक मोडेलहरु संचालन गर्न सहजिकरण गरिनेछ।
- खानेपानी तथा सरसफाइका प्रणालीहरुमा यान्त्रिक अवयवहरुको बढ्दो प्रयोगका साथै यस्ता अवयवहरुको मर्मत संभारमा स्थानीय क्षमता अभिवृद्धि गर्न स्थानीय साना उद्यमीहरुलाई सहजिकरण गरी उचित प्रोत्साहन गरिनेछ। त्यस्ता उद्धमीहरुलाई तालिम प्रदान गरी दक्षता प्रमाणिकरणको (Accreditation) कार्यक्रमलाई अघि बढाइनेछ।
- खानेपानी तथा सरसफाइ सेवाहरु व्यावसायीक रुपमा संचालन गर्न उपभोक्ता समितिहरु र अन्य सेवा प्रदायक र तिनका कर्मचारीहरुको क्षमता अभिबृद्धि गरिनेछ।
- खानेपानी सेवा प्रणालीहरुलाई आर्थिक, प्राविधिक, वित्तिय र सामाजिक रुपमा सक्षम बनाई दिगो खानेपानी तथा सरसफाई सेवा उपलव्ध गराउन स्थानीय सरकारले संचालन गर्ने गरी खानेपानी सेवा सहयोग संस्था (Service Support Center) को संचालन, व्यवस्थापन तथा क्षमता विस्तारमा समन्वय गरीनेछ। यस्तो संस्थाले खानेपानी उपभोक्ता समितिहरुलाई खानेपानी आयोजनाहरुको संचालन र व्यवस्थापन तथा मर्मत संभारका लागि प्राविधिक सेवा तथा सहयोग पुर्याउनेछ।

घ) खानेपानीका स्रोतहरुको सीमितता, पानीको बहुउपयोगले सृजना गरेको चाप तथा स्वच्छ पानी आपूर्तिको लागि लाग्ने अत्यधिक आर्थिक तथा अन्य स्रोतहरुको चुनौतीका कारण पानीको मितव्ययी उपभोगमा जोड दिइनेछ।

- पानीको किफायती र समुचित प्रयोगलाई प्रोत्साहन गर्न उपभोक्ता सचेतनाको विकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिने छ। पानीको महत्तम उपयोगलाई प्रबर्धन गर्नेगरी पानीको महसुल निर्धारण गरिनेछ।
- पानीको प्राविधिक तथा चुहावट रोकथाम सम्बन्धी लक्ष्यमूलक कार्यक्रमहरु तर्जुमा गरी प्राथमिकतासाथ संचालन गरिनेछ।

- बैकल्पिक उपायहरुको खोजी गरी उपयुक्त र आवश्यकता अनुसार बहुस्रोत (Multiple Source) र बहुप्रविधि (Multiple Technology) का आयोजनाहरु, जस्तै वर्षातको पानी संकलन, सौर्य पम्पको प्रयोग, आदिबाट सेवा बिस्तार गरिनेछ।

**उद्देश्य ४ -** "सफा र स्वच्छ वातावरणको निर्माण गर्नु" सँग सम्बन्धित

क) नदी नाला, जलाशय, जलाधार तथा ताल तलैयाहरुलाई, उपयोगका आधारमा, प्रदूषणमुक्त तथा सामान्य प्राकृतिक स्वरुपमा कायम राख्न स्थानीय सरकारहरुको सहभागितामा योजनाहरुको तर्जुमा र कार्यान्वयन गर्दै लगिनेछ।

- नदी नाला तथा जलाशयहरुमा अप्रशोधित ढल निष्काशन गर्ने कार्यहरुलाई दुरुत्साहित गरिने छ। यसका लागि आवश्यक निर्देशिकाहरुको बिकास गरिनेछ।
- गार्हस्थ्य, औद्योगिक तथा कृषिजन्य फोहोर पानी निष्काशन सम्बन्धी मापदण्डहरु तैयार गरी लागू गर्दै लगिनेछ।
- प्रदूषणको नियमित मापन र अनुगमन गर्न प्रदेश स्तरमा प्रयोगशालाहरु लगायत पूर्वाधारहरुको निर्माण र स्थानीय सरकारको क्षमता अभिबृद्धिका लागि कार्यक्रमहरु संचालन गरिनेछ।
- नेपालको परिप्रेक्षमा प्राप्य एबम ग्राह्य प्रविधिमा आधारित रहेर फोहोरपानी गुणस्तर मापदण्डको विकास गरी सो वमोजिम फोहरपानी बिसर्जनको गुणस्तर निर्धारण गरिनेछ।
- सतहको पानी, नदी, पोखरी, ताल, हिमताल, भूमिगत पानीको श्रोत, गुणस्तर, भौगोलिक अवस्था, जनसंख्याको पहुँच, उपयोगिताको आधारमा वर्गिकरण गरी संरक्षण, विकास, समुचित प्रयोग र विपद् व्यवस्थापनको लागि लेखाजोखा मार्फत नक्साङ्कन गरिनेछ।

ख) सहरी, पर्यटकीय तथा अन्य संबेदनशील क्षेत्रहरुमा फोहोरपानी निष्काशनका मापदण्डहरु अनुरुप मात्र फोहोरपानी उत्सर्जन गर्नेगरी संकलन र प्रशोधनका सुविधाहरु उपलब्ध गराइनेछ।

- दिसाजन्य लेदो पदार्थको संकलन, प्रशोधन र अन्य व्यवस्थापनका लागि मापदण्ड र निर्देशिकाहरु लागू गरिनेछ।
- ढल प्रणालीबाट संकलित फोहोर पानीलाई निर्धारित मापदण्ड बमोजिम उपयुक्त प्रशोधन पश्चातमात्र विसर्जन गर्न प्रशोधन केन्द्रहरुको निर्माण गरिनेछ।
- अस्पताल, उद्योग, व्यापारिक केन्द्र र वधशालाबाट निस्कासन हुने फोहोरपानी तोकिएको मापदण्ड बमोजिम हुने गरी पूर्व प्रशोधन गरेर मात्र सार्वजनिक ढलमा जडान गरिनेछ।
- शहरी क्षेत्रमा मूल ढल प्रणाली र प्रशोधन केन्द्र निर्माणका लागि संघिय सरकारले आवश्यकता अनुरुप स्थानीय सरकार वा प्रदेश सरकारलाई सहजिकरण गर्न सक्नेछ।
- डुबानको संभावना रहेका र अपेक्षाकृत बढी जनघनत्व भएका सहरी इलाकाहरुमा बर्षाते पानीको निकास सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
- कम जनघनत्व भएका स्थानहरुमा स्थलगत सरसफाइ सुविधा Onsite Sanitation प्रवर्धन गरिनेछ।
- ढल प्रणालीमा आबद्ध नभएका शौचालयहरुमा संकलन हुने दिसाजन्य लेदो पदार्थको उचित व्यवस्थापन गर्न Septage Treatment Plant हरुको निर्माण गरिनेछ।
- ढल प्रणालीहरुको संचालन र मर्मत संभार खर्च थेग्ने गरी महसुल वा शुल्क निर्धारण गरिनेछ।

ग) फोहोर पानीको उत्सर्जन कम गर्ने र फोहोरपानीलाई स्रोतको रुपमा व्यवस्थापन गरी लाभ प्राप्त गर्ने उपायहरुको अवलम्बन गर्ने नीति लिइनेछ।

- सहरी र घना आवादी भएका क्षेत्रहरुमा एकीकृत प्रणाली र प्रशोधन केन्द्रहरु अपेक्षाकृत सरल तरिकाले संचालन हुने उपयुक्त प्रबिधिको बिकास गरी निर्माण गरिनेछ।
- फोहोरपानी प्रशोधन गर्दा संभावनाका आधारमा उत्सर्जित पानीलाई सिंचाई, नगर सौन्दर्यीकरण, औद्योगिक प्रयोग, आगलागी नियन्त्रण जस्ता आर्थिक र सामाजिक लाभ प्राप्त गर्ने विषयसंग आवद्ध गरिनेछ।
- बिशेषतः औद्योगिक र गार्हस्थ्य निसर्जनमा समेत फोहोर पानीको नियन्त्रित पुनः प्रयोग, Reduce, Recycle and Reuse सम्बन्धी चेतना अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।
- पानी कम खपत गर्ने र पुनःप्रयोग गर्ने सम्बन्धी प्रविधि र सामग्रीहरुको बिक्री वितरण र प्रयोगलाई प्रोत्साहन गरिनेछ।
- शून्य वा न्यूनतम निसर्जन गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्न बिशेष सुविधा वा दिनेगरी कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- आर्थिक संभाव्यताका आाधारमा फोहोर र फोहोर पानीबाट ग्यास, उर्जा र अन्य लाभकारी वस्तुहरुको उत्पादन र पुनः प्राप्त (Recover) गर्ने प्रबिधि र प्रकृयाहरुको प्रबर्धन गरिनेछ।

घ) एकिकृत फोहर व्यवस्थापनलाई प्रोत्साहन तथा प्रबर्धन गरी श्रोतको अधिकतम उपयोग गरिनेछ।

- सुरक्षित खानेपानी तथा स्वच्छ शहरलाई अभिबृद्धी गर्नका लागि शहरी क्षेत्रहरुमा एकिकृत रुपमा खानेपानी, ढल तथा दिसाजन्य लेदोको तथा ठोस फोहर समेतको प्रशोधन तथा व्यवस्थापनका लागि दिर्घकालिन गुरुयोजना बनाई लागू गरिने छ।
- ढलको एकिकृत व्यवस्थापनका लागि अन्तर निकाय समन्वय र साझेदारीलाई प्रोत्साहन गरिनेछ।
- समग्र गाँउपालिका वा नगरपालिका समेटने समावेशी सरसफाइ योजना (Municipality Wide Inclusive Sanitation Plan) तयार गरी लागू गरिनेछ।
- सरसफाइ सम्बन्धि नियमन र नियामक निकाय तोकिनेछ।
- सरसफाइ सेवा सुविधामा संलग्न निकायहरुको स्पष्ट जिम्मेवारी तोकिनेछ।
- सरसफाइमा संलग्न मज्दुरहरुको सेवा, सुविधा र पेशगत स्वाश्थ्य सुरक्षाको लागि विषेश कार्यविधि बनाइनेछ।
- ढल आयोजनाहरुको डिजाइन, निर्माण, संचालन र व्यवस्थापन गर्दा स्थानीय वातावरणीय अवस्था, आर्थिक सामाजिक अवस्था र प्रणाली संचालन क्षमतालाई ध्यान दिइने छ।
- गाँउपालिका वा नगरपालिका क्षेत्रको सरसफाइ र वातावरणमा आधारित मूल्याङ्कन विधिहरुको विकास गरी उत्कृष्ट गाउँ र नगरहरुलाई पुरस्कृत गरिनेछ।

**उद्देश्य ५** - "खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत भूमिकाहरुमा स्पष्टता कायम गर्नु" सँग सम्बन्धित

क) नेपालको संविधानले प्रत्याभूत गरेको खानेपानी तथा सरसफाइ सेवामा नागरिक पहुँचको मौलिक अधिकार, सेवाको बिशिष्ट प्रकृति, जलस्रोतको संरक्षण र महत्तम तथा दिगो उपयोग, व्यवस्थापकीय

क्षमता र लागत प्रभावकारिताका आधारमा संघ, प्रदेश र स्थानीय सरकारको भूमिकाको व्यवस्था, विकास र व्यवस्थापन गर्दै लगिनेछ।

- खानेपानी तथा सरसफाइ क्षेत्रमा संघ, प्रदेश र स्थानीय सरकारहरुको भूमिका, अन्तरसम्बन्ध, अधिकार, दायित्व र जवाफदेहीता प्रष्ट किटान हुनेगरी खानेपानी तथा सरसफाइ क्षेत्रमा आवश्यक कानूनी र निर्देशक बिषयहरु समाविष्ट गरिएको खानेपानी तथा सरसफाइ सम्बन्धी ऐन जारी गरिनेछ।
- संघीय स्तरमा खानेपानी तथा ढल व्यवस्थापन विभागको मौजुदा संरचना र भूमिकामा परिमार्जन गरी केन्द्रीय स्तरमा योजना, बित्तीय परिचालन, वैदेशिक समन्वय, नीतिगत तथा विषयगत अनुसन्धान, स्थानीय तथा प्रदेश सरकारको क्षमता विकास, अन्तर्राष्ट्रिय प्रतिवद्धताहरुको कार्यान्वयन, तथ्याङ्क संकलन, अभिलेखीकरण तथा विश्लेषण, मापदण्ड निर्धारण, नियमन, सहजीकरण लगायत राष्ट्रिय कार्यक्रमहरु सञ्चालन गर्न सम्बन्धित मन्त्रालयको सक्षम सहयोगी निकायको रुपमा विकास गरिनेछ।
- नेपाल सरकारले संघिय स्तरमा सञ्चालन गर्ने कार्यक्रमहरुको कार्यान्वयन गर्न र प्रदेश तथा स्थानीय सरकारमा संचालन हुने कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन, संचालन तथा अनुगमन कार्यहरुमा प्रदेश तथा स्थानीय सरकारलाई सहजीकरण र नियमनमा सहयोग पुर्याउन आवश्यकता अनुसार विभाग अन्तर्गत संघीय कार्यालयहरुको व्यवस्था गरिनेछ।
- प्रदेश तथा स्थानीय सरकारमा खानेपानी तथा सरसफाइ कार्यक्रमहरु सञ्चालन गर्न छुट्टै बिषयगत कार्यालय वा इकाइ स्थापना गर्न सकिनेछ।
- संविधानद्वारा प्रदत्त मौलिक हकको संरक्षण गर्दै सरकारको जवाफदेहीता अभिबृद्धि गर्न आम जनसमुदायबाट प्राप्त खानेपानी तथा सरसफाई सम्बन्धी गुनासाहरुको छिटो छरितो समाधानका लागि केन्द्रीय स्तरमा द्रुत गुनासो सुन्ने इकाइ गठन गरिनेछ।

ख) सेवा संचालन र प्रवाहमा व्यावसायिकता अभिवृद्धि र सोको अनुगमनमा स्थानीय सरकारको अग्रगामी भूमिकालाई सवलीकरण गर्दै लगिने छ।

- दिगो एवं प्रभावकारी सेवा सञ्चालनको लागि आवश्यक तालिम तथा क्षमता विकास गरिनेछ।
- दिगो, प्रभावकारी एवं जवाफदेही सेवाका लागि सेवा प्रदायकको प्रभावकारीता अभिवृद्धि गर्न महिला तथा सीमान्तकृत लगायत समूहहरुको समावेशी प्रतिनिधित्व गराइनेछ।
- सेवा सञ्चालकहरु मार्फत व्यावसायीक सेवा प्रवाह गर्दा स्थानीय सरकारले आफ्नो अनुकूलता अनुरुप छनौट गर्न सक्नेगरी सार्वजनिक, निजी तथा साझेदारीका विभिन्न संचालन स्वरुपहरुको विकास गरिनेछ। अनुकूलता मापन गर्न गुणात्मक तथा मात्रात्मक सुचकाङ्क सहित निर्देशिका तयार गरिनेछ।
- सेवा संचालनमा दक्षता र व्यावसायिकता अभिवृद्धिका लागि सेवा संचालनका मापदण्ड तथा सूचकहरु लगायत अनुगमन र नियमनका प्रक्रियाहरु निर्धारण गर्न निर्देशिकाहरु तयार गरी अद्यावधिक गर्दै लगिने छ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीहरूको स्तर वर्गीकरण (अनुसूचि — २) बमोजिम त्यस्तो स्तरको प्रणाली अन्तर्गत के, कति र कस्ता योग्यता, क्षमता र दक्षताका कामदार (कर्मचारी आदि) आबश्यक पर्ने हो सो को अनुपालन भए नभएको अनुगमन एबं नियमन गरिने छ।

ग) योजना तर्जुमा, स्रोत परिचालन, कार्यान्वयन र अनुगमन कार्यहरुमा स्थानीय सरकार, प्रदेश र सघको भूमिकालाई एक आपसमा नबाझिने गरी समन्वयात्मक, सहभगितामूलक र परिपूरक रुपमा विकास गरिने छ।

- अन्तर-प्रदेशीय रुपमा संवोधन गरी समाधान गरिनुपर्ने राष्ट्रिय महत्वका योजना, कार्यक्रम र अभियान जस्ता बिषयहरु स्थानीय तथा प्रदेश सरकारसंगको समन्वयमा राष्ट्रिय कार्यक्रमका रुपमा सञ्चालन गरिने छ।
- अपेक्षाकृत रुपमा ठूला लगानी आवश्यक पर्ने र समान बिषयगत आधारमा (Thematic) एकभन्दा बढी प्रदेशमा संचालन हुने बैदेशिक तथा स्वदेशी लगानी परिचालन हुने कार्यक्रमहरूको केन्द्रीय व्यवस्थापन र समन्वय गरिनेछ।
- स्थानीय क्षमता अभिवृद्धि नभएसम्मका लागि गार्हस्थ्य र औद्योगिक ढल प्रणालीबाट नदी नाला तथा जलाशयहरुमा विसर्जन हुने प्रदुषणको नियमन र अनुगमन गरी जल गुणस्तर सुनिश्चित गर्ने कार्य संघिय सरकारले गर्ने छ।
- संघ,प्रदेश र स्थानीय सरकारबीच अन्तर निकाय समन्वयका लागि खानेपानी तथा सरसफाइ समन्वय समितिहरु स्थापना गरिनेछ।

घ) खानेपानी तथा सरसफाइ सेवाबाट प्राप्त हुने प्रतिफलबाट अधिकतम लाभ प्राप्त गर्न अन्तर क्षेत्रगत **(Inter-Sectoral)** कार्यक्रमहरु संचालन गरिने छ।

- सेवा संचालनको दक्षता र प्रभावकारिताको अनुगमन स्थानीय सरकारबाट गरिने हुंदा यस तर्फ स्थानीय निकायको क्षमता अभिवृद्धिमा जोड दिईनेछ।
- संघ र प्रदेश सरकारहरुले आवश्यकता अनुसार खानेपानी सेवाको अनुगमन गर्न सक्ने छन्। साथै स्वास्थ्य मन्त्रालय अन्र्तगतका निकायहरुबाट तेस्रो पक्षको रुपमा थप खानेपानी गुणस्तरको निगरानी (सर्भिलेन्स) गरिनेछ।
- राष्ट्रिय खानेपानी तथा सरसफाई प्रशिक्षण केन्द्र लाई थप सुदृढ र बिस्तार गरी यसलाई क्षेत्रगत क्षमता अभिवृद्धि तथा सेवा नियमनको लागि प्रभावकारी संस्थाको रुपमा विकास गरिने छ।
- खानेपानी तथा सरसफाई सेवालाई प्रभावकारी बनाउन शिक्षा, स्वास्थ्य, वन तथा वातावरण जस्ता निकायहरुसंग समन्वात्मक कार्यक्रमहरु सञ्चालन गरिने छ।

**उद्देश्य ६** - "खानेपानी तथा सरसफाई क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी अभिवृद्धि गरी स्तरीय सेवा उपलब्ध गराउने" सँग सम्बन्धित

क) खानेपानी तथा सरसफाई सेवा प्रदायक संस्थाको सहभागितामा लागत सहभागितामा खानेपानी सेवा सुधार तथा सरसफाइका आयोजनाहरुको निर्माण तथा संचालन गरिने छ।

- उपभोक्तासंग लागत सहभागितामा निर्माण तथा संचालन गरिने आयोजनाहरुमा उपभोक्ता प्रतिबद्धताको रुपमा लागतको १ प्रतिशत ले हुने रकम अग्रिम अक्षय कोष स्थापना भएपछि मात्र आयोजना सञ्चालनका लागि बजेट बिनियोजन गरिने छ।
- सबै किसिमका आयोजनामा समतामूलक र समन्यायिक ढाँचा अवलम्बन गरिनेछ।

- उपभोक्ता योगदानको अंश सम्बन्धमा खानेपानी नियामक (निकाय) ले आवधिक रुपमा आँकलन गरेको अंश देशको बिभिन्न भौगोलिक क्षेत्रगत रुपमा समन्यायिक नदेखिएमा महसुलमा हुने असमानता समेतलाई बिश्लेषण गरी (Tarriff Equity Gap) लाई बिचार गरी समानिकरण अनुदानको सिफारिस गर्न सकिनेछ। त्यस्तो अनुदान खानेपानी, सरसफाइ तथा स्वच्छता कोषबाट व्यहोरिने प्रबन्ध गरिनेछ।
- सीमान्तकृत र बिपन्न समुदाय, सुख्खाग्रस्त क्षेत्र, बहुचरण पम्पिंग, लामो प्रशारण प्रणाली र विशेष प्रशोधन आवश्यक भई बढी लागत पर्ने आयोजनाहरुमा लागत जनसहभागिताको खण्ड आयोजनाको दश प्रतिशतमा सीमित गर्न सकिनेछ।
- खानेपानी सेवा सुधार तथा सरसफाइका आयोजनाहरुमा उपभोक्ता समुदायलाई पुंजीगत खर्चको अंश ब्यहोरी संचालन गर्न प्रोत्साहन गर्ने उपायहरुको अवलम्वन गरिनेछ।
- लाभान्वित समुदायसंगको पूँजिगत लागत सहभागिताका आधारमा सेवा बिस्तार, सुधार तथा स्तरोन्नती गर्ने आयोजनाहरुको निर्माण गरिनेछ।

ख) खानेपानी तथा सरसफाई आयोजनाहरुको दिगो संञ्चालन तथा व्यवस्थापनका लागि लागत उठ्तीको सिद्दान्त अनुरुप आयोजनाको निर्माण, संचालन तथा व्यवस्थापन गरिनेछ।

- दिगो उपलब्धिका लागि लाभान्वित समुदायको सहभागितामा आयोजनाहरु निर्माण गरिनेछ। आयोजनामा स्थानीय समुदायको श्रमदानलाई मुल्यमा रुपान्तरण गरि आयोजनाको जम्मा लागतमा गणना गरिनेछ।
- खानेपानी आयोजनाको जीवन चक्र मुल्य (Life Cycle Cost) तथा मानव सूचकांक तथा लागत उठ्ती हुनेगरी गुणात्मक सुधारका आयोजनाहरु संचालन गरिने छ।
- संचालन खर्चका लागि सामान्यतया अनुदान दिइने छैन। संचालन अनुदान आवश्यक पर्ने बिशिष्ट परिस्थितिहरुमा यसरी प्रदान गरिने अनुदान लक्षित हुने छ।
- खानेपानी तथा सरसफाई कार्यमा प्रभावकारीता तथा दक्षता प्रबर्धनका लागि कार्य सम्पादन कार्य मूल्यांकनमा उच्च अंक प्राप्त गर्ने आयोजनाहरुलाई थप सेवा तथा सुबिधा बिस्तारको लागि अनुदानको व्यवस्था गरिनेछ। सो को लागि कार्यविधी तयार गरिने छ। ति अनुदानहरु स्थानिय सरकारको पहलमा हुनेछन्।
- खानेपानी तर्फ साधारणतया पूर्ण संचालन खर्च र फोहोर पानी व्यवस्थापनतर्फ Polluters Pay Principle र कूल अधिक्तम दैनिक भार (Total maximum daily load) को मापदण्ड, निर्देशिका, कार्यविधि तयार गरी सोही अनुरुप समानुपातिक वृद्धिको आधारमा (Incremental Proportionate Charge) संचालन खर्च प्राप्त हुने गरी महसुल निर्धारण गरिने छ।
- ढल एवम् दिसाजन्य लेदो व्यवस्थापन आयोजनाहरु कार्यान्वयनको लागि लगानी योजना र वित्तीय उपलव्धता सुनिश्चत गर्ने संयन्त्र र कार्यान्वयनका ढाँचाहरुको विकास गरिने छ।

ग) खानेपानी तथा सरसफाई क्षेत्रमा भएको लगानीको अभावलाई परिपूर्ति गर्न।

- खानेपानी तथा सरसफाई क्षेत्रमा निजी लगानी आकर्षित गर्न आवश्यकता र वित्तीय स्रोतको उपलब्धताका आधारमा परियोजनाहरुमा न्यून संभाव्यता परिपूरक कोष (Viability Gap Funding) को व्यवस्था गर्दै लगिने छ।

- निजी क्षेत्र र स्थानीय सरकारहरुको बीचमा हुने संझौताहरको सहजीकरण गर्न आवश्यक मार्गदर्शन, निर्देशिका र संझौताका नमूना दस्तावेजहरु तयार गरिने छ।
- फोहोर पानी संकलन गर्ने प्रणालीहरुको निर्माण र प्रशोधन केन्द्रहरुको स्थापना गर्न पुँजीगत खर्चको व्यबस्था गर्दा आवश्यकता र महत्वका आधारमा संघ र प्रदेश सरकारहरुले स्थानीय सरकार र लाभग्राही समूहको सहलगानीमा ऋण वा अनुदान लगानी गर्न सक्ने छन्। यस्तो सहलगानीको प्रतिशत निर्देशिकाहरुले व्यवस्था गरे बमोजिम हुनेगरी पन्ध्र देखि तीस प्रतिशतसम्म कायम गर्न सकिने छ।
- ढल प्रणालीको नियमित मर्मत तथा संचालन खर्च सम्पूर्ण रुपमा स्थानीय सरकार र लाभग्राही समूहको लागत सहभागितामा व्यहोरिने छ। ठूला मर्मतकार्यहरु र प्रशोधन प्रणालीका लागि तोके बमोजिम सघ तथा प्रदेश सरकारहरुबाट आंशिक ऋण तथा अनुदान प्रदान गरिनेछ।
- खानेपानी तथा सरसफाई सेवामा स्थानीय लगानीलाई प्रोत्साहन गर्नको लागि को सुनिश्चितता तथा दिगोपनको लागि सेवा प्रदायक संस्थाहरू समेतको शेयर लगानी हुनेगरी “खानेपानी, सरसफाइ तथा स्वच्छता” वित्तीय सहकारी संस्था (WASH Bank) सञ्चालनका लागि आवश्यक कार्यबिधि तथा संरचना तयार गरिनेछ।

घ) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरुवाट खानेपानी तथा सरसफाई क्षेत्रमा हुने लगानी तथा सहयोगलाई प्राथमीकिकरण गरि कार्यान्वयन गरिने छ।

- खानेपानी तथा सरसफाई क्षेत्रमा बित्तिय तथा प्राबिधिक सहयोग उपलब्ध गराई रहेका बिकास साझेदारहरुले उपलब्ध गराउने अनुदान तथा ऋण सहयोगलाई SWAP अवधारणा अनुरुप प्रथमिकिकरण गरि परिचालन गरिनेछ।
- जलवायु अनुकुलन कोष तथा अन्य उपलब्ध अन्तर्राष्ट्रिय कोषहरुमा पहुँच स्थापित गरी राष्ट्रिय हित अनुकुल उपयोग गरी खानेपानी तथा सरसफाई सेवामा सुधार गरिने छ।
- वैदेशिक सहयोग र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाबाट संचालन गरिने कार्यक्रमहरु राष्ट्रिय प्राथमिकता र लक्षहरुसंग आवद्ध गरी संचालन गर्नेतर्फ संयोजन र समन्वयका लागि आवश्यक संयन्त्र र निर्देशिकाहरुको विकास गरिने छ।

**उद्देश्य ७ -** “क्षेत्रगत नियमन, प्रभावकारिता एमं उत्तरदायित्व अभिवृद्धि गर्नु” सँग सम्बन्धित

क) “खानेपानी, सरसफाइ तथा स्वच्छता” क्षेत्रमा हालसम्म पनि संघीय सरकारमा विद्यमान क्षेत्रगत खण्डिकरणको अबस्थालाई न्यूनीकरण गर्दै त्यसबाट सिर्जित असङ्गतीहरूको निराकरण गर्दै लगिने छ।

- खानेपानी, ढल व्यबस्थापन लगायतका ’खानेपानी, सरसफाइ तथा स्वच्छता÷ सम्बद्ध कार्यहरू संघीय सरकारमा सम्बन्धित क्षेत्रगत मन्त्रालय मार्फत नै सञ्चालन गर्ने गराउने प्रबन्ध क्रमशः गर्दै लगिने छ।
- “खानेपानी, सरसफाइ तथा स्वच्छता” सम्बद्ध सबै कार्यहरु एकल राष्ट्रिय क्षेत्रगत विकास योजना बमोजिम कार्यान्वयन गरिने छन् र सबै दात्री पक्षले समेत सोही विकास योजनामा आधारित रहेर नै गर्नु पर्ने प्रबन्ध गरिनेछ।
- संस्थागत तथा नियामक खाका (Institutional and Regulatory Frame Work) को विकास गरेर लागू गरिने छ।

- "खानेपानी, सरसफाइ तथा स्वच्छता" प्रणालीहरूको सुसञ्चालन र नियमनलाई प्रभावकारी तुल्याउनका लागि प्रणालीहरूको स्तरीकरण वा श्रेणीकरण जस्ता विधि र संयन्त्र (उपाय) हरूको अवलम्बन गरिने छ।
- खानेपानी, सरसफाइ तथा स्वच्छता प्रणालीहरूलाई तिनको आकार, प्रकार, जटिलता र प्रकृति अनुसार साना, मझौला र वृहत गरी तीन स्तरमा वर्गीकरण वा श्रेणीकरण गरिने छ।

ख) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रलाई थप उत्तरदायि एबम प्रभावकारी बनाउन कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयन गर्दै लगिने छ।

- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी एकिकृत सूचना प्रणालीको विकास गरीनेछ। कम्प्यूटरकृत प्रणालीले नेपाल अधिराज्य भरी खानेपानी, सरसफाईको अवस्था, खानेपानी आयोजनाको संचालनको अवस्था, सेवाको स्तर, गुणस्तर लगायत बिषयका सूचना तथा तथ्यांकलाई एकतृत गरी र एकद्वारबाट संप्रेशण गरिनेछ।
- नेपाल सरकारको अलावा अन्य निकायबाट प्राप्त बिवरण तथा तथ्यांकको आधिकारिकता पुष्टि गरि कम्प्यूटरकृत प्रणालीमा समावेश तथा गरिनेछ।
- नदी नाला, जलाशय, जलाधारहरुको स्वरुप, बहाव तथा प्रदूषणको नियमित मापन र अनुगमन गरी भौगोलिक सूचना प्रणाली मैत्री (GIS Friendly) अभिलेखीकरण गरिने छ।
- तथ्यांक व्यवस्थापन कार्यको लागि संघले स्थानीय र प्रदेश संग आवश्यकता अनुरुप समन्वय र सहकार्य गर्नेछ।
- खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यमा सबै क्षेत्र, बर्ग र समुदायको समन्वय र सहकार्यलाई प्रोत्साहन गरिनेछ। सबै सरोकारवालाहरुसंग नियमित रुपमा सम्पर्क र संवाद गरि कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ।

ग) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी एकिकृत र आधिकारिक तथ्यांक तथा सूचना व्यवस्थापन तथा संप्रेशणको माध्यमबाट अन्तर बिषयगत समन्वय अभिवृद्धि गरिनेछ ।

- साना ठूला सबै खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा प्रणालीहरूलाई बेञ्चमार्किङ्गको प्रकृया भित्र क्रमशः समेट्दै लगिने छ।
- सबै खानेपानी सेवाप्रदायकहरू लाई NWASH को निर्देशिका बमोजिम क्षेत्रगत सूचना प्रणालीमा आबद्ध हुन अभिप्रेरित र सहजिकरण गरिने छ।
- NWASH को प्रभावकारी प्रयोगको लागि संस्थागत, मानव संसाधन विकास र जनचेतनामुलक कार्यक्रमलाई सुद्धृढ गरिनेछ।
- क्षेत्रगत सूचना प्रणाली (NWASH) मा आबद्ध नहुने खानेपानी सेवा प्रदायकहरूलाई राज्यबाट उपलब्ध गराइने सहयोग कार्यक्रमहरूका लागि न्यून प्राथमिकता दिईने छ।
- क्षेत्रगत सूचना प्रणाली (NWASH) लाई आयोजना छनौट, तर्जुमा, पुनर्निर्माण, पुनर्स्थापना वा मर्मतसंभारका लागि निर्णय आधारका रुपमा क्रमश जोड दिदै लगिने छ।
- स्वप्रबन्धन गरिएका खानेपानी, सरसफाइ तथा स्वच्छता सेवाहरूको समेत लगत र लागत समेतको राष्ट्रिय लेखा राखि त्यस्ता प्रणालीहरुलाई समेत यथोचित सहयोग र टेवा प्रदान गरिने छ।

- खानेपानी तथा सरसफाई संग सम्बन्धित शिक्षा, स्वास्थ्य जस्ता निकायहरुको क्षेत्रगत सूचना प्रणालीबाट प्रवाह हुने तथ्यांकहरुलाई समेत NWASH मा समावेश गरी तथ्यांक आदान प्रदानको व्यवस्था मिलाईनेछ।
- खानेपानी तथा सरसफाई सेवा, उपभोग र प्रतिफल सम्बन्धी सूचना तथा तथ्याङ्कहरु अन्तर निकायगत रुपमा आदान प्रदान गरिने छ।

## ४. नीति कार्यान्वयनका आधारहरु

### ४.१. संस्थागत संरचना

जलस्रोतको उपयोग गरी खानेपानी, सरसफाइ तथा स्वच्छताजको उपयोग, विकास, व्यवस्थापन तथा संरक्षणका लागि संघ, प्रदेश र स्थानीय तहमा उचित संस्थागत प्रबन्ध गरिनेछ। यस नीतिको कार्यान्वयनका लागि संघीय तहमा मन्त्रालय, विभाग, आयोग, आयोजना र समिति रहने छन्। प्रदेशस्तरमा मन्त्रालय, निर्देशनालय तथा विषयगत कार्यालयहरू र स्थानीय तहमा खानेपानी व्यव्स्थापन वोर्ड तथा खानेपानी, सरसफाइ तथा स्वच्छता इकाइ गठन गरी सम्बन्धित कार्यालयहरूको क्षमता विकास गरी परिचालन गरिनेछ। सेवा प्रदायकको रुपमा नेपाल खानेपानी संस्थान, उपभोक्ता समिति र कम्पनी रहने छन्।

**राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक समिति (NWASHSC)**

यस नीति तथा रणनीतिहरुको कार्यान्वयन र लक्षित नतिजाहरुको समग्र अनुगमन, सहजीकरण तथा आवश्यक मार्गनिर्देश गर्न निम्न अनुसारको एक **राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक** समिति रहने छ।

**तालिकाः राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक समितिको संरचना तथा काम कर्तव्य र अधिकारहरु**

| | |
|---|---|
| **अध्यक्ष** | मा. सदस्य, राष्ट्रिय योजना आयोग (क्षेत्रगत) |
| **सदस्य सचिव** | खानेपानी तथा वातावरण महाशाखा प्रमुख (सह-सचिव), खानेपानी मन्त्रालय |
| **सदस्यहरु** | • सचिव, खानेपानी मन्त्रालय<br>• सह-सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• सह-सचिव, उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय<br>• सह-सचिव, वन तथा वातावरण मन्त्रालय<br>• सह-सचिव, शिक्षा मन्त्रालय<br>• सह-सचिव, अर्थ मन्त्रालय<br>• सह-सचिव, शहरी विकास मन्त्रालय<br>• सह-सचिव, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• सह-सचिव, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय |

| | |
|---|---|
| | • महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>• सचिव, प्रदेशको खानेपानी हेर्ने मन्त्रालयको<br>(प्रदेश सरकारको प्रतिनिधिको रूपमा प्रत्येक बैठकमा पालै पालो सबैप्रदेशको प्रतिनिधित्व हुने गरी बोलाईनेछ।)<br>• अध्यक्ष, विकास साझेदार समुह |
| **काम कर्तव्य र अधिकारहरु** | • नीति कार्यान्वयनमा देखिएका कठिनाइ फुकाई कार्यान्वयन प्रभावकारी बनाउने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत बनाउनु पर्ने कानुन, कार्यनीति र कार्ययोजना लगायतका नीतिगत दस्तावेज निर्माणको लागि सहजीकरण गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत नीति, रणनीति तथा योजनाहरुको समीक्षा गर्ने,<br>• अन्तरमन्त्रालय र अन्तरनीति समन्वय गर्ने,<br>• अन्तरसरकार (३ तह) बीच समन्वय गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने,<br>• क्षेत्रगत प्रभावकारीताको लागि राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिलाई आवश्यक निर्देशन दिने,<br>• अन्य |

<u>राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (NWASHCC)</u>

यस नीति तथा रणनीतिहरुको कार्यान्वयन, अनुगमन तथा आवश्यक सहजीकरण गर्न निम्न अनुसारको एक **राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय** समिति रहने छ।

तालिकाः **राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना तथा काम कर्तव्य र अधिकारहरु**

| | |
|---|---|
| **अध्यक्ष** | खानेपानी तथा वातावरण महाशाखा प्रमुख (सह-सचिव), खानेपानी मन्त्रालय |
| **सदस्य सचिव** | खानेपानी तथा ढल व्यवस्थापन विभाग, ढल व्यवस्थापन तथा वातावरणीय सरसफाइ शाखा प्रमुख |
| **सदस्यहरु** | • महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग<br>• उप-महानिर्देशक, खानेपानी तथा ढल व्यवस्थापन विभाग (क्षेत्रगत)<br>• प्रतिनिधि (उप-सचिव स्तर), राष्ट्रिय योजना आयोग<br>• प्रतिनिधि (उप-सचिव स्तर), स्वास्थ्य तथा जनसंख्या मन्त्रालय<br>• प्रतिनिधि (उप-सचिव स्तर), उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय |

| | |
|---|---|
| | • प्रतिनिधि (उप-सचिव स्तर), वन तथा वातावरण मन्त्रालय<br>• प्रतिनिधि (उप-सचिव स्तर), शिक्षा मन्त्रालय<br>• प्रतिनिधि (उप-सचिव स्तर), अर्थ मन्त्रालय<br>• प्रतिनिधि (उप-सचिव स्तर), शहरी विकास मन्त्रालय<br>• प्रतिनिधि (उप-सचिव स्तर), सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रतिनिधि (उप-सचिव स्तर), महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय<br>• खानेपानी मन्त्रालय, खानेपानी शाखाको शाखा प्रमुख<br>• खानेपानी मन्त्रालय, वातावरण तथा ढल व्यवस्थापन शाखाको शाखा प्रमुख<br>• खानेपानी मन्त्रालय, योजना शाखाको शाखा प्रमुख<br>• खानेपानी मन्त्रालय, क्षेत्रगत क्षमता अभिवृद्धि शाखाको शाखा प्रमुख<br>• प्रतिनिधि, खानेपानी, सरसफाइ तथा स्वच्छता हेर्ने संयूक्त राष्ट्र संघीय निकायहरु<br>• प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ<br>• प्रतिनिधि, समाज कल्याण परिषद्<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरिरहेका बिभिन्न अन्तर्राष्ट्रिय/ राष्ट्रिय गैर सरकारी संस्था तथा नगरिक समाज प्रत्येकबाट एक जना प्रतिनिधि<br>• खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको छाता संगठनबाट प्रतिनिधि<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरिरहेका अन्य संघ संस्थाहरुलाई समितिले सदस्यको रुपमा थप्न सक्ने छ |
| **काम कर्तव्य र अधिकारहरु** | • क्षेत्रगत प्रभावकारीताको लागि आवश्यक समन्वय गर्ने,<br>• नीति कार्यान्वयनमा देखिएका कठिनाइ फुकाउन प्रभावकारी समन्वय गर्ने,<br>• राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक समितिबाट प्राप्त निर्देशन अनुसार समन्वय एवं सहजिकरण गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत दस्तावेज तयारी गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• राष्ट्रिय स्तरमा राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हात धुने दिवस, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानहरु प्रायोजन गरी प्रादेशिक तथा पालिका स्तरमा सहयोग पुर्याउने,<br>• राष्ट्रिय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरका गोष्ठी, कार्यशाला, सम्मेलन आदि आयोजना गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा योगदान पुर्याउने महत्वपूर्ण व्यक्ति तथा संघ संस्थालाई पुरस्कार तथा सम्मान प्रदान गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत कार्यक्रमको प्रभावकारीताको लागि श्रोत सर्वेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने, |

| | |
|---|---|
| | • राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक समितिलाई क्षेत्रगत प्रभावकारीताको लागि आवश्यक सहयोग गर्ने,<br>• राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक समितिका निर्णयहरु कार्यान्वयनमा सहयोग गर्ने,<br>• विपद् व्यवस्थापनमा क्षेत्रगत आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (MWASH Plan) तयार गर्न र सो को कार्यान्वयन गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• प्रादेशिक/ पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमन, benchmarking र ranking गर्न सहयोग गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्धन लगायतका विषयमा बिभिन्न प्रकारका सूचना, शिक्षा तथा संचार सामाग्री विकास गर्ने तथा प्रचार प्रसार गर्ने,<br>• प्रादेशिक/ पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु संग आवश्यक समन्वय गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका बिभिन्न पक्षका सम्बन्धमा र समुदायमा यसको कार्य सम्पादन, गुणस्तर र दिगोपनाका सम्बन्धमा गरिने अनुसन्धान र विकासलाई सघाउने र सहज तुल्याने,<br>• अन्य |

**प्रादेशिक खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (PWASHCC)**

यस नीतिको कार्यन्वयनका लागि प्रदेश तथा स्थानीय सरकारमा खानेपानी तथा सरसफाइ सम्बन्धि विषयहरुमा समन्वय गर्नका लागि **प्रादेशिक खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** स्थापना गर्न सकिनेछ।

**तालिकाः प्रादेशिक खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना तथा काम कर्तव्य र अधिकारहरु**

| | |
|---|---|
| **अध्यक्ष** | प्रदेश सचिव, प्रदेशको खानेपानी तथा सरसफाइ हेर्ने मन्त्रालय<br>(यदी खानेपानी र सरसफाइ हेर्ने मन्त्रालय फरक भए खानेपानी हेर्ने मन्त्रालय) |
| **सदस्य सचिव** | प्रदेशको खानेपानी तथा सरसफाइ हेर्ने मन्त्रालयको महाशाखा प्रमुख<br>(यदी खानेपानी र सरसफाइ हेर्ने मन्त्रालय फरक भए खानेपानी हेर्ने मन्त्रालय) |
| **सदस्यहरु** | • प्रतिनिधि, प्रदेश योजना आयोग<br>• प्रतिनिधि, स्वास्थ्य तथा जनसंख्या हेर्ने प्रदेश मन्त्रालय<br>• प्रतिनिधि, उर्जा जलस्रोत तथा सिंचाइ हेर्ने प्रदेश मन्त्रालय<br>• प्रतिनिधि, वातावरण हेर्ने प्रदेश मन्त्रालय<br>• प्रदेशको उपभोक्ता समितिहरुको छाता संगठनबाट प्रतिनिधि |

| | |
|---|---|
| | • प्रतिनिधि, प्रादेशिक उद्योग वाणिज्य महासंघ<br>• प्रादेशिक खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरिरहेका बिभिन्न अन्तर्राष्ट्रिय/ राष्ट्रिय गैर सरकारी संस्था तथा नगरिक समाज प्रत्येकबाट एक जना प्रतिनिधि<br>• खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरुको प्रादेशिक छाता संगठनबाट प्रतिनिधि<br>• प्रादेशिक खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा कार्य गरिरहेका अन्य संघ संस्थाहरुलाई समितिले सदस्यको रुपमा थप्न सक्नेछ |
| **काम कर्तव्य र अधिकारहरु** | • प्रदेश स्तरमा नीति कार्यान्वयनमा देखिएका कठिनाइ फुकाई कार्यान्वयन प्रभावकारी बनाउने,<br>• प्रदेशस्तरमा अन्तरमन्त्रालय र अन्तरनीति समन्वय गर्ने,<br>• प्रदेशस्तरमा बनाउनु पर्ने कानुन, कार्यनीति र कार्ययोजना लगायतका नीतिगत दस्तावेज निर्माणको लागि सहजीकरण गर्ने,<br>• प्रदेशस्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्ने,<br>• प्रदेश स्तरमा क्षेत्रगत प्रभावकारीताको लागि आवश्यक समन्वय गर्ने,<br>• राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक/समन्वय समितिबाट प्राप्त सुझाव अनुसार समन्वय एवं सहजिकरण गर्ने,<br>• प्रदेश स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत दस्तावेज तयारी गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• प्रदेश स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• प्रदेश स्तरमा राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हात धुने दिवस, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानहरु प्रायोजन गर्ने/ गराउने,<br>• प्रदेश स्तरका गोष्ठी, कार्यशाला, सम्मेलन आदि आयोजना गर्ने,<br>• प्रदेश स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा योगदान पुर्याउने महत्वपूर्ण व्यक्ति तथा संघ संस्थालाई पुरस्कार तथा सम्मान प्रदान गर्ने,<br>• प्रदेश स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रगत कार्यक्रमको प्रभावकारीताको लागि श्रोत सर्वेक्षण तथा सरोकारवालाहरुको विश्लेषण गर्ने,<br>• प्रदेश स्तरको विपद् व्यवस्थापनमा क्षेत्रगत आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (MWASH Plan) तयार गर्न र सो को कार्यान्वयन गर्न आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छताको अनुगमन, benchmarking र ranking गर्न सहयोग गर्ने, |

| | |
|---|---|
| | • पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिहरु संग आवश्यक समन्वय गर्ने,<br>• पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रका बिभिन्न पक्षका सम्बन्धमा र समुदायमा यसको कार्य सम्पादन, गुणस्तर र दिगोपनाका सम्बन्धमा गरिने अनुसन्धान र विकासलाई सघाउने र सहज तुल्याने,<br>• अन्य |

यस **प्रादेशिक खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको** प्रदेश सरकारले सदस्यहरु थप/घट गर्न तथा समितिको काम कर्तव्य र अधिकारहरु थप गर्न वा हटाउन सक्नेछ।

**<u>जिल्ला स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (DWASHCC)</u>**

जिल्ला स्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा आवश्यक समन्वय गर्न प्रदेश सरकारले **जिल्ला स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** स्थापना गर्न सक्नेछ।

**<u>पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति (V/M-WASHCC)</u>**

यस नीतिको कार्यन्वयनका लागि स्थानीय तहमा खानेपानी तथा सरसफाइ सम्बन्धि विषयहरुमा समन्वय गर्नका लागि **पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति** स्थापना गर्न सकिनेछ।

**तालिकाः पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको संरचना तथा काम कर्तव्य र अधिकारहरु**

| | |
|---|---|
| **अध्यक्ष** | पालिका प्रमुख |
| **सदस्य सचिव** | कार्यकारी अधिकृत |
| **सदस्यहरु** | • स्वास्थ्य सेवा प्रदायकहरु<br>• स्थानीय गैर सरकारी संस्थाहरु<br>• समुदायमा आधारित संस्थाहरु<br>• वन उपभोक्ता समुहहरु<br>• विकास साझेदारहरु<br>• खानेपानी तथा सरसफाइ सम्बन्धी उपभोक्ता समितिहरु<br>• टोल सुधार समितिहरु<br>• बाल क्लब<br>• महिला सामुदायिक स्वास्थ्य स्वयंसेवकहरु<br>• प्रधानाध्यापक तथा प्राचार्यहरु |

| | |
|---|---|
| | • विद्यालय व्यवस्थापन समितिहरु<br>• महिला समुहहरु<br>• स्थानीय सहकारी संस्थाहरु<br>• स्थानीय सञ्चालहरु |
| **काम कर्तव्य र अधिकारहरु** | • पालिका स्तरमा नीति कार्यान्वयनमा देखिएका कठिनाइ फुकाई कार्यान्वयन प्रभावकारी बनाउने,<br>• पालिकाको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी विवरण तयार पार्ने र अद्यावधिक गर्ने,<br>• राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता निर्देशक/समन्वय समितिबाट वा प्रादेशिक खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिबाट प्राप्त सुझाव अनुसार समन्वय एवं सहजिकरण गर्ने,<br>• विद्यमान व्यवधानहरुलाई न्यूनिकरण गर्न खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी चुनौतीहरु र सो सम्बन्धी अप्नाइएका रणनीतिहरुको विश्लेषण गर्ने,<br>• पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना (MWASH Plan) तयारी तथा सो को कार्यान्वयनमा सहयोग गर्ने,<br>• खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी नियमित अनुगमन गर्न अनुगमन टोली गठन गर्ने,<br>• राष्ट्रिय सरसफाइ सप्ताह, विश्व हात धुने दिवस, खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी अभियानहरु प्रायोजन गर्ने/ गराउने,<br>• स्थानीय स्तरका गोष्ठी, कार्यशाला, सम्मेलन आदि आयोजना गर्ने,<br>• स्थानीय स्तरमा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा योगदान पुर्याउने महत्वपूर्ण व्यक्ति तथा संघ संस्थालाई पुरस्कार तथा सम्मान प्रदान गर्ने,<br>• स्थानीय स्तरको विपद् व्यवस्थापनमा आवश्यक समन्वय एवं सहयोग गर्ने,<br>• उपयुक्तता तथा आवश्यकता अनुसार नौला एवं सिर्जनशील क्रियाकलापहरु सञ्चालन गर्ने। |

यस **पालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिको** स्थानीय सरकारले सदस्यहरु थप/घट गर्न तथा समितिको काम कर्तव्य र अधिकारहरु थप गर्न वा हटाउन सक्नेछ।

## ४.२. वित्तीय श्रोत व्यवस्थापन

यस राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति कार्यान्वयन गर्न नेपाल सरकारको आन्तरिक वित्तीय श्रोत तथा वैदेशिक सहायता परिचालन, संघिय सरकार बाट प्रदेश तथा स्थानीय तहलाइ प्रदान हुने निशर्त तथा सशर्त अनुदान, प्रदेश सरकार तथा स्थानीय तहको आन्तकि वितीय स्रोत, लगायत अन्य स्रोतहरुको

पहिचान गरि परिचालन गरिनेछ। खानेपानी, सरसफाइ तथा स्वच्छता सेवा सञ्चालन खर्च उपभोक्ता वर्गबाट बेहोरिने छ।

### ४.३. कानुनी व्यवस्था

हालसम्म कायम रहेका खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धि कानुनहरुको समीक्षा गरी एकीकृत छाता स्वरुपको कानुनको तर्जुमा गरिने छ।

### ४.४. अन्तरनीति समन्वय

यस खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक उपक्षेत्रगत नीतिहरू समेत तर्जुमा गर्न सकिनेछ। यस राष्ट्रिय खानेपानी, सरसफाइ तथा स्वच्छता नीति अनुकूल नभएका अन्य उपक्षेत्रगत नीतिहरू यस नीति अनुरूप हुनेगरी परिमार्जन गरिनेछ। मौजुदा नीतिहरुसंग समन्वय हुनेगरी यस नीतिको कार्यान्वयन गरिनेछ।

### ४.५. अन्तरमन्त्रालय समन्वय

यस खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिको प्रभावकारी कार्यान्वयनका लागि मन्त्रालयस्तरमा एक समिति रहनेछ।

### ४.६. जोखिम व्यवस्थापन

**(अ) जोखिमहरु**

(क) संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायहरूबीचको समन्वय तथा सहकार्यमा मात्र नीतिले राखेका उद्देश्यहरू हासिल हुने भएकाले यस्तो कार्यपद्धति अपनाई विकास निर्माण कार्य सञ्चालन गर्नु।

(ख) खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रको एकीकृत र सन्तुलित रूपमा विकास र संरक्षण गर्न ठूलो साधनको आवश्यक पर्ने र यसका लागि पर्याप्त सार्वजनिक बजेट विनियोजन र विदेशी सहयोग तथा लगानी समेत परिचालन गर्नु।

(ग) खानेपानी, सरसफाइ तथा स्वच्छता को विकास र उपयोगसम्बन्धी क्षेत्रगत कार्यक्रम सञ्चालन गर्ने मन्त्रालय तथा निकायमा आवश्यक पर्ने संस्थागत संरचना, क्षमता र जनशक्ति विकास तथा उनीहरूको सेवाको निरन्तरता।

**(आ) जोखिम न्यूनीकरणका उपायहरू**

(क) संघ, प्रदेश र स्थानीय तहका विभिन्न निकायहरूबीचको समन्वय, सहकार्य तथा सहजीकरणका लागि सक्षम संयन्त्रको व्यवस्था गरिनुका साथै खानेपानी, सरसफाइ तथा स्वच्छताको विकास उपयोग, व्यवस्थापन, नियमन र संरक्षणका लागि संघ, प्रदेश र स्थानीय तहबीच जिम्मेवारी तथा कार्यक्षेत्र निर्धारण गरिनेछ।

(ख) खानेपानी, सरसफाइ तथा स्वच्छताको एकीकृत रूपमा विकास र संरक्षण गर्न आवश्यक पर्ने स्रोत साधन तथा लगानी संघ, प्रदशे र स्थानीय तहको प्राथमिकता हुनेछ। साथै सम्भाव्य वैदेशिक स्रोतको समेत अधिकतम परिचालन गरिनेछ।

(ग) खानेपानी, सरसफाइ तथा स्वच्छताको विकास र उपयोग सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निकायमा आवश्यक पर्ने संस्थागत क्षमता सुदृढ गर्नुका साथै जनशक्तिको क्षमता विकास गरिनेछ। जलस्रोत तथा खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा भएका अध्ययन, अनुसन्धान तथा यस क्षेत्रका विज्ञहरूको विवरण अध्यावधिक गरी यस नीतिको कार्यान्वयन गर्न सहयोग लिइनेछ।

## ५. नीति अनुगमन, समीक्षा तथा पुनरावलोकन

### ५.१. अनुगमन तथा मूल्याङ्कन

यस खानेपानी, सरसफाइ तथा स्वच्छता नीतिका प्रावधानहरूको कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन विभिन्न तहबाट हुनेछ। यसको अनुगमन समग्र रूपमा खानेपानी मन्त्रालय बाट गरिनेछ। यसका अतिरिक्त प्रदेश र स्थानीय तहले समेत आफ्नो क्षेत्रभित्र नीति कार्यान्वयनको अनुगमन गर्नेछन्। यस नीतिको कार्यान्वयन स्थिति र यसको सान्दर्भिकता, प्रभावकारिता तथा संभाव्य प्रभावको मूल्याङ्कन राष्ट्रिय योजना आयोगमार्फत सोझै वा तेश्रो पक्षको संलग्नतामा गराइनेछ।

### ५.२. नीति समीक्षा तथा पुनरावलोकन

यस खानेपानी, सरसफाइ तथा स्वच्छता नीति कार्यान्वयन भएको ५ वर्ष पछी समीक्षा गरी पुनरावलोकन गरिनेछ।

#### ५.२.१. नीति समीक्षाका आयामहरु

**(क) विषयवस्तु**

नीति भित्रका निम्न विषयबस्तुरहरुको आधारहरु बमोजिम समिक्षा गरिनेछ।

खानेपानी सेवाको लागि सूचकाङ्कहरु :

- पानी सेवाहरु (उत्पादन, भण्दारण, वितरण, पहुँच, अवधि, निरन्तरता)
- गुणस्तर :- राष्ट्रिय खानेपानी गुणस्तर मापदण्ड, २०६२ र यसको कार्यान्वयन निर्देशिका बमोजिम

सरसफाइ तथा स्वच्छताका लागि सूचकाङ्कहरु :

- स्वास्थ्य र स्वच्छता शिक्षा
- फोहोरपानीको मात्रा र गुणस्तर
- फोहोर र ढल (दिशा सहित र दिशा रहित — घरायसी, सार्वजनिक, विद्यालय, औद्योगिक, व्यवसायिक) फोहोर पानी सङ्कलन, यातायात, प्रशोधन र विसर्जन
- ढल निकास प्रणाली (एकीकृत दिशा सहित र दिशा रहित वा छुट्टा — छुट्टै दिशा सहित र दिशा राहत)
- परम्परागत र आधुनिक प्रशोधन प्रविधिको उपलब्धता र सुरक्षित निदान

**(ख) कार्यान्वयन**

नीति कार्यान्वयनका निम्न आधारहरु बमोजिम ५ वर्ष पछि समिक्षा गरिनेछ।

- बजेटको उपलव्धता

- स्थानीय तहको क्षमता
- प्रभावकारी सेवा प्रदायक
- प्रभावकारी नियमक निकाय
- सांगठनिक संरचनाको उपयुक्ता
- तीन तहको सरकार बीच समन्वय
- बिभिन्न निकाय बीच समन्वय

**(ग) प्रभाव**

यस नीतिको कार्यान्वयनबाट पर्ने प्रभावको समिक्षा निम्न विषयहरुको आधारमा गरिनेछ।

- पानीजन्य सरुवा रोगमा कमी
- ५ वर्ष मुनिका बाल मृत्युदरमा कमी
- सफा शहर तथा वस्तिहरु
- सफा खोला, नालाहरु

### ५.२.२. नीति समीक्षाका परिणामहरु

**(क) नीति खारेजी तथा बचाउ**

- यस अघि लागु गरिएका "ग्रामिण खानेपानी तथा सरसफाइ नीति" र "शहरी खानेपानी तथा सरसफाइ नीति" हरु खारेज गरिएका छन्।
- यस अघि लागु भएका "ग्रामिण खानेपानी तथा सरसफाइ नीति" र "शहरी खानेपानी तथा सरसफाइ नीति" हरु अनुसार भए गरेका सम्पूर्ण काम कारवाहीहरु यसै नीति बमोजिम भए गरेको मानिनेछ।

## ६. अनुसूचीहरु

अनुसूचीहरु - १

# खानेपानी तथा सरसफाइ प्रणालीहरुको वर्गीकरण र भूमिका विवरण

### प्रणालीको वर्गीकरण र भूमिका विवरण

| खानेपानी तथा सरसफाइ प्रणालीको किसिम, आकार तथा प्रकार | | | आवश्यक न्यूनतम मुख्य मानव श्रोत | नियमन र निगरानी | वित्तीय ब्यबस्थापन तथा निर्माण | प्रणालीमा स्वामित्व | सेवा वितरण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रावधान | उत्पादन |
| एकल धारा | खानेपानी | मूल, कुवा, पँधेरो एकल धारा, र हाते पम्प | ग्रामीण मर्मत सम्भार कार्यकर्ता | संघीय र/ वा प्रादेशिक सरकार | स्थानीय सरकार+/ उपभोक्ता | स्थानीय सरकार (निजी प्रणाली बाहेक) | स्थानीय सरकार+/ उपभोक्ता | उपभोक्ता |
| | सरसफाइ | स्थलगत सरसफाइ | | | उपभोक्ता | उपभोक्ता | उपभोक्ता | उपभोक्ता |
| साना | खानेपानी | ५० धारा/घरधुरी भन्दा कम | ग्रामीण मर्मत सम्भार कार्यकर्ता | संघीय र/ वा प्रादेशिक सरकार | स्थानीय+/ प्रादेशिक सरकार+/ उपभोक्ता+/ अन्य | स्थानीय+/ प्रादेशिक सरकार | स्थानीय सरकार | उपभोक्ता समिति/ सेवा प्रदायक |
| | सरसफाइ | स्थलगत सरसफाइ, फोहरमैला ब्यबस्थापन | | | उपभोक्ता +/समुदाय | उपभोक्ता +/समुदाय | उपभोक्ता +/समुदाय | उपभोक्ता +/समुदाय |
| मध्यम | खानेपानी | ५० - १००० धारा/घरधुरीहरू | सव- इन्जिनियर | संघीय र/ वा प्रादेशिक सरकार | प्रादेशिक+/ स्थानीय सरकार + समुदाय/ अन्य | प्रादेशिक+/ स्थानीय सरकार | स्थानीय सरकार | उपभोक्ता समिति/ सेवा प्रदायक |
| | सरसफाइ | सेप्टेज वा फोहरमैला ब्यबस्थापन | | | प्रादेशिक+/ स्थानीय सरकार+/ समुदाय +/ निजी क्षेत्र | प्रादेशिक+/ स्थानीय सरकार+/ समुदाय+/निजी | स्थानीय सरकार | उपभोक्ता समिति / सेवा प्रदायक |

| खानेपानी तथा सरसफाइ प्रणालीको किसिम, आकार तथा प्रकार | | | आवश्यक न्यूनतम मुख्य मानव श्रोत | नियमन र निगरानी | वित्तीय ब्यबस्थापन तथा निर्माण | प्रणालीमा स्वामित्व | सेवा वितरण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | प्रावधान | उत्पादन |
| ठूला | खानेपानी | नगरपालिका क्षेत्रका खानेपानी प्रणाली | सिभिल इन्जिनियर + वित्त + प्रशासनिक कर्मचारी | | संघीय +/ प्रादेशिक +/ स्थानीय सरकार+/ समुदाय+/ निजी क्षेत्र | संघीय +/ प्रादेशिक सरकार+/ निजी | स्थानीय सरकार | उपभोक्ता समिति / सम्बद्ध नगर संयन्त्र, सेवा प्रदायक |
| | सरसफाइ | सेप्टेज वा फोहरपानी वा ढल ब्यबस्थापन | 'खासस्व' इन्जिनियर + वित्त र प्रशासनिक कर्मचारी | संघीय र/ वा प्रादेशिक सरकार | संघीय +/ प्रादेशिक +/ स्थानीय सरकार+/ समुदाय+/ निजी क्षेत्र | संघीय +/ प्रादेशिक सरकार+/ निजी | स्थानीय सरकार | सम्बद्ध नगर संयन्त्र, सेवा प्रदायक |
| | | फोहरमैला ब्यबस्थापन | सब– इन्जिनियर + वित्त + प्रशासनिक कर्मचारी | | संघीय +/ प्रादेशिक +/ स्थानीय सरकार +/समुदाय +/निजी क्षेत्र | संघीय +/ प्रादेशिक सरकार+/ निजी | स्थानीय सरकार | सम्बद्ध नगर संयन्त्र, सेवा प्रदायक |
| वृहत् | खानेपानी | उप/महानगर क्षेत्रका प्रणाली; दुई भन्दा बढी प्रदेशमा सेवा विस्तार भएका प्रणाली; थोक वितरण प्रणाली; जलाशययुक्त प्रणाली; | 'खासस्व' इन्जिनियर + वित्त र प्रशासनिक कर्मचारी | | संघीय +/ प्रादेशिक +/ स्थानीय सरकार +/ समुदाय +/ निजी क्षेत्र | संघीय +/ प्रादेशिक सरकार+/ निजी | स्थानीय सरकार | सम्बद्ध नगर संयन्त्र, सेवा प्रदायक |
| | सरसफाइ | सेप्टेज वा फोहरपानी वा ढल ब्यबस्थापन | 'खासस्व' इन्जिनियर + वित्त र प्रशासनिक कर्मचारी | संघीय र/ वा प्रादेशिक सरकार | संघीय +/ प्रादेशिक +/ स्थानीय सरकार +/ समुदाय +/ निजी क्षेत्र | संघीय +/ प्रादेशिक सरकार+/ निजी | स्थानीय सरकार | सम्बद्ध नगर संयन्त्र, सेवा प्रदायक |
| | | फोहमैला ब्यबस्थापन | सिभिल इन्जिनियर + वित्त + प्रशासनिक कर्मचारी | | संघीय +/ प्रादेशिक +/ स्थानीय सरकार +/समुदाय +/निजी क्षेत्र | संघीय +/ प्रादेशिक सरकार+/ निजी | स्थानीय सरकार | सम्बद्ध नगर संयन्त्र, सेवा प्रदायक |

## अनुसूचीहरु - २

## खानेपानी सेवाको स्तर बर्गीकरण

**विस्तृत सूचकांङ्क सहित खानेपानी सेवाको स्तर बर्गीकरण**

| पारामितिहरू | | सेवा स्तर | | | |
|---|---|---|---|---|---|
| | | निम्न स्तरीय | आधारभूत | मध्यम | उच्च |
| आवश्यकता (Needs) | परिमाण (LPCD) | २५ — ४५ | ४५ — ६५ | ६५ — १०० | १०० — १५० |
| | स्वच्छता (Hygiene) | संभव नभएको (जबसम्म मुहानमै अभ्यास गरिँदैन) | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता संभव हुने; कपडा धुन र नुहाउन अपुग | सबै आधारभूत व्यक्तिगत र खाद्य स्वच्छता सुनिश्चित भएको; कपडा धुन र नुहाउन पनि सुनिश्चित हुने | सबै स्वच्छताका आवश्यकताहरू पुरा हुने |
| गुणस्तर (Water Quality) | | पिउन योग्य | राष्ट्रिय गुणस्तर मानक (ग्रामीण मापदण्ड) पुरा गर्छ | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ । | राष्ट्रिय गुणस्तर मानक पुरा गर्छ |
| सुलभ पहुँच (Accessibility) | | २५% भन्दा कम उपभोक्ताले निजी धारा जडान गरेको | २५% भन्दा बढी उपभोक्ताले निजी धारा जडान गरेको | १०० % उपभोक्ताले निजी धारा जडान गरेको | १००% उपभोक्ताले निजी धारा जडान गरेको |
| विश्वसनीयता (Reliability) | वितरण अवधि (घण्टा/दिन) | - | ८ (अधिक माग समयमा) | १२ (दिनको समयमा) | २४ (चौबीसै घण्टा) |
| | निरन्तरता (Continuity) | | एक महिनामा एक पटकसम्म रोकावट हुने | तीन महिनामा एक पटकसम्म रोकावट हुने | १२ महिनामा एक पटकसम्म रोकावट हुने |
| लचकता (Resiliency) | | | अवरुद्ध सेवा २ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने | अवरुद्ध सेवा १ दिन भित्र सुचारु हुने |
| सेवाको दृढाङ्गता (Robustness) | | | | प्रणालीले सेवाको मानकमा संझौता नगरी थप १० % अचानक श्रृजित माग धान्न सक्ने | प्रणालीले सेवाको मानकमा संझौता नगरी थप १० % अचानक श्रृजित माग धान्न सक्ने |
| सेवा सन्तुष्टि स्तर (Service Satisfaction) (वार्षिक सर्भेको आधारमा) | | | | >६०% | >७५ % |

## अनुसूचीहरु - ३

# खानेपानी तथा सरसफाइको जिम्मेवारी तथा दायित्व

**खानेपानी तथा सरसफाइको जिम्मेवारी तथा दायित्वः** खानेपानी सेवा, सरसफाइ सेवा तथा आयोजनाको अनुमतिपत्र प्रदान, निर्माण, सञ्चालन तथा व्यवस्थापन गर्ने जिम्मेवारी र दायित्व नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुनेछ।

(क) नेपाल सरकारको जिम्मेवारी र दायित्वः–

(१) खानेपानी सेवा तथा सरसफाइसँग सम्बन्धित राष्ट्रिय प्रकृतिका तोकिए बमोजिमका ठूला तथा जटिल प्रकृतिका आयोजना,

(२) सहलगानीमा निर्माण हुने तथा वैदेशिक सहायताका आयोजना,

(३) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा तोकिए बमोजिमको जनसंख्यालाई खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने आयोजना,

(४) एक भन्दा बढी प्रदेशसँग सम्बन्धित आयोजना,

(५) तोकिए बमोजिमका ठूलो लगानी आवश्यक पर्ने बहुउद्देश्यीय फोहोरपानी प्रशोधन तथा व्यवस्थापन गर्ने कार्य,

(६) एउटा जलाधार क्षेत्रको प्राकृतिक स्रोतको पानी अर्को जलाधार क्षेत्रमा स्थानान्तरण गर्ने आयोजना,

(७) नेपाल सरकारले तोके बमोजिमको आयोजना,

(८) खानेपानी तथा सरसफाइ आयोजनाको अनुगमन गर्ने।

(ख) प्रदेश सरकारको जिम्मेवारी र दायित्व :–

(१) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा जनसंख्यालाई खानेपानी तथा सरसफाइ सेवा पुऱ्याउने आयोजना,

(२) फोहोरपानी व्यवस्थापन तथा प्रशोधन सम्बन्धी,

(३) प्रदेश भित्रका एकभन्दा बढी स्थानीय तहलाई प्रभाव पार्ने आयोजना।

(ग) स्थानीय तहको जिम्मेवारी र दायित्वः–

(१) स्थानीय स्तरमा आधारभूत खानेपानी तथा सरसफाइ सेवा,

(२) सरसफाइ सम्बन्धी जनचेतना अभिबृद्धि,

(३) फोहोरपानी व्यवस्थापन प्रणालीको सञ्चालन,

(४) तोकिए बमोजिमको क्षेत्रमा तोकिए बमोजिमको लागत अनुमान वा जनसंख्यालाई खानेपानी सेवा पुऱ्याउने आयोजना,

(५) स्थानीय तहबाट सञ्चालित खानेपानी तथा सरसफाइ आयोजनाको मर्मत सम्भार र पुनःस्थापना ।

- खण्ड (ख) र (ग) बमोजिमको जिम्मेवारी र दायित्व रहने विषयको कार्यन्वयन सम्बन्धित प्रदेश र स्थानीय तहको कानून बमोजिम हुनेछ।
- स्थानीय तहबाट अनुरोध भई आएका आयोजनाहरु प्रदेश सरकारले र प्रदेश सरकारबाट अनुरोध भई आएका आयोजनाहरु नेपाल सरकारले कार्यान्वयन गर्नेछ।
- आफ्नो क्षेत्रभित्रको खानेपानी तथा सरसफाइको नियमन गर्ने अधिकार माथि उल्लेख भए बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहलाई हुनेछ।